कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ४३ (संयुक्तांक २९७) ने. सं. ११३७ बछलागा त्रयोदशी बुधवाः २०७४ जेठ १० गते बुधवार (May24, 2017) मूल्य रु.१०/- पृष्ठ २२



# हार्दिक बधाई



**कीर्तिपुर नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित रमेश महर्जन**



**कीर्तिपुर नगरपालिकाको नगर उपप्रमुख पदमा निर्वाचित सरस्वती रिजाल**

२०७४ बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा ऐतिहासिक नगर कीर्तिपुर नगर पालिकाको नगर प्रमुख पदमा निर्वाचित हुनु भएकोमा **श्री रमेश महर्जन र उपमेयरमा निर्वाचित सरस्वती रिजाल**लाई हार्दिक बधाईको साथै कार्यकाल सफलताको कामना गर्दछौं । उहाँलाई विजय गराउन साथ दिनुहुने सम्पूर्ण मतदाताहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**दिनेश दर्शनधारी**

**अध्यक्ष**

**ट्रि मेडिया प्रा.लि.**

कीर्तिपुर, काठमाडौं फोन नं. ०१-४३३४४७४। ९८५१२१०४६३, ९८५१०९११२४

मोविल्याण्ड इलेक्ट्रोनिक्स प्रा.लि परिवार

आवर मोटर्स प्रा.लि.परिवार

धौलागिरी नेचुरल फुड्स एण्ड हर्व प्रा.लि.परिवार

मुक्तिनाथ इन्भेष्टमेन्ट प्रा.लिं परिवार

# कीर्तिपुर नगरपालिकामा प्रमुख दल र अन्य दलहरुले वडास्तरमा पाएको मत संख्या




गत बैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय तहको निर्वाचनमा कीर्तिपुर नगरपालिकामा प्रमुख दल र केही अन्य दलहरुले वडास्तरमा पाएको मत संख्या प्रस्तुत गरिएको छ।

वडा नं.१ नेकपा एमालेका वडाध्यक्ष हर्ष महर्जन विजयी

| | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | म.स | द.मस. | खुल्ला १ | खुल्ला २ |
|---|---|---|---|---|---|---|---|
| ने.का | ६२३ | ५१७ | ६५९ | ५५९ | – | ५५४ | ५०५ |
| एमाले | ७५५ | ६३९ | ८०४ | ८११ | | ७१७ | ६५९ |
| माओ | २८५ | २०६ | २५३ | २७५ | | ३५९ | ३६५ |
| राप्रपा | १७ | २१ | ४३ | २९ | | १५ | ११ |
| नयाँश | ६८ | ३४९ | १८ | १४ | | १८ | १८ |
| गान्धीवादी पार्टी | | | | | | २० | |
| स्वतन्त्र लसुन | | | | | | २ | |

वडा नं.२ नेकपा एमालेका रमेशमान डंगोल विजयी

| | वडाध्यक्ष | म.स. | द.म.स. | खुल्ला१ | खुल्ला२ |
|---|---|---|---|---|---|
| ने.का. | ६०२ | ५५१ | – | ४६९ | ४८० |
| एमाले | ६३८ | ७०१ | ७०६ | ६२८ | ६८५ |
| माओ | ५५२ | ५३९ | ५५४ | ५५९ | ५५० |
| राप्रपा | १४ | | | | |
| नयाँशक्ति | ५५ | ४४ | | १३१ | ८८ |
| गान्धीवादी | २ | | | | |

वडा नं.३ नेकपा एमालेका राजेन्द्र महर्जन विजयी

| | वडाध्यक्ष | म.स. | द.म.स. | खुल्ला१ | खुल्ला२ |
|---|---|---|---|---|---|
| ने.का. | ६९९ | ७०० | | ७०९ | ६६१ |
| एमाले | ७११ | ७१९ | ७२८ | ७४० | ७१६ |
| माओ | ६६१ | ५७९ | ६०६ | ५६३ | ५७४ |
| नयाँशक्ति | ७१ | | | ५१ | ५७ |
| गान्धीवादी | ७ | १३ | | ३ | |
| देजमो | ८ | | | | |

वडा नं.४ नेपाली कांग्रेसका राजेन्द्र बानियाँ विजयी

| | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | म.स. | द.म.स. | खुल्ला १ | खुल्ला२ |
|---|---|---|---|---|---|---|---|
| ने.का | ८९१ | १०१८ | ९९७ | ९३८ | ९७९ | ९७१ | ८८१ |
| एमाले | ८७२ | ९९५ | ७५२ | ८७७ | ९०२ | ८४४ | ८९९ |
| माओ | १९७ | २३९ | ३०५ | २६३ | २५६ | ३०७ | २६७ |
| राप्रपा | १२७ | २३५ | ३८९ | २९७ | २४५ | ३२३ | ३३९ |
| नयाँशक्ति | १६ | २३-५ | ३६ | | | | |
| स्वतन्त्र ग्लोब | | | २६४ | | | २२४ | २४८ |
| स्वतन्त्र टावर | | | | | | २३३ | |

वडा नं.५ नेपाली कांग्रेसका राजेन्द्र महर्जन विजयी

| | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | म.स. | द.म.स. | खुल्ला१ | खुल्ला२ |
|---|---|---|---|---|---|---|---|
| ने.का | ६६९ | ७२३ | ८९३ | ७९४ | ७६२ | ६९१ | ७६३ |
| एमाले | ७०५ | ६७० | ७०८ | ७७१ | ७२९ | ७२१ | ८०० |
| माओ | ३९१ | ३५३ | ४६० | ४५४ | ४३० | ३९१ | ४३० |
| राप्रपा | १३- | ७ | ३६ | ३२ | ५६ | ६२ | |
| नयाँशक्ति | १०५ | २७६ | ३१ | | | ३७ | |
| नेमकिपा | २०६ | २०६ | २०६ | १९० | | २४२ | २५३ |

वडा नं.६ नेकपा एमालेका न्हुच्छेवहादुर महर्जन विजयी

| | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | म.स. | द.म.स. | खुल्ला१ | खुल्ला२ |
|---|---|---|---|---|---|---|---|
| ने.का | ९६२ | ७८७ | ६४७ | ६६१ | ६६१ | ८५२ | ६८७ |
| एमाले | १३१६ | १२३८ | ११३९ | १०३० | ११६६ | १२३८ | १४४३ |
| माओ | २७३ | २२६ | ३१६ | ३०३ | ३१६ | ३६४ | ३७७ |
| राप्रपा | ५८ | ७० | ६७ | ५४ | | १२९ | ३५० |
| नयाँशक्ति | १४९ | ६४६ | १०५ | १७२ | | १३६ | १८९ |
| स्वतन्त्र निरंजन थापा | | | २५५ | | | | |
| स्वतन्त्र धिरजमान डंगोल | | | ४६० | | | | |
| स्वतन्त्र ज्ञानेन्द्र महर्जन | | | २०४ | | | | |

वडा नं.७ नेकपा एमालेका राजकुमार विजयी

| | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | म.स. | द.म.स. | खुल्ला१ | खुल्ला२ |
|---|---|---|---|---|---|---|---|
| ने.का | ३५७ | ३५३ | ३९४ | ३८० | ३७४ | ३५५ | ४३४ |
| एमाले | ३४३ | ३१६ | ४४६ | ३७९ | ४१९ | ३९९ | ३४८ |
| माओ | १४६ | ११० | १२६ | १५४ | १५१ | १२६ | १४९ |
| नयाँशक्ति | २०० | २०७ | ८४ | १०८ | | ८३ | ६८ |
| देजमो | ८ | १ | | | | | |

वडा नं.८ नेपाली कांग्रेसका राजेन्द्र महर्जन विजयी

| | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | म.स. | खुल्ला १ | खुल्ला २ |
|---|---|---|---|---|---|---|
| नेका | ४३७ | ३७९ | ५१४ | ४०९ | ४०९ | ४०८ |
| एमाले | ४३८ | ३६४ | ३२५ | ३८७ | ३४५ | ३९२ |
| माओ | ४१७ | २८८ | ३६० | ३२८ | ४२५ | ३२५ |
| न.शक्ति | २३७ | ४३५ | | | | |
| नेमकिपा | ३५ | २९ | | | | |
| राप्रपा | | | ६ | ३ | | |
| समाजवादी जनता पा. | | | ५९ | | ४६ | ८८ |
| स्वतन्त्र | | | ३२६ | ३५१ | २९८ | २६१ |

यस वडामा दलित महिला सदस्यमा नेपाल कम्युनिष्ट पार्टी एमालेको तर्फबाट सरस्वती परियारको मात्र उम्मेदवारी दर्ता भएको र अन्य कुनै पनि पार्टीले उम्मेदवारी दर्ता नभएको कारण सरस्वती परियार निर्विरोध निर्वाचित हुनु भएको हो। वडा नं. ८ मा दलित परिवार सरस्वती परियारको वाहेक अरु कोही थिएन।

वडा नं ९ नेकपा एमालेको वडाअध्यक्षमा गंगाराम महर्जन विजयी

| | वडाअध्यक्ष | म.स. | द. महिला | खुल्ला १ | खुल्ला २ |
|---|---|---|---|---|---|
| नेका | ७९३ | ६५६ | - | ६४९ | ६४२ |
| एमाले | ८९० | ७०२ | ८२७ | ७८६ | ८६९ |
| माओ | २८१ | ५०० | ४१० | ४४१ | ३६० |
| न.शक्ति | १०७ | १७६ | - | १२६ | १०८ |
| राप्रपा | १३ | १३ | - | १५ | |

वडा नं. १० नेकपा एमालेका अमन महर्जन वडा अध्यक्षमा विजयी

| | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | म.स. | द. महिला | खुल्ला १ | खुल्ला २ |
|---|---|---|---|---|---|---|---|
| नेका | ५३३ | ४२२ | ६७७ | ५७० | - | ५९९ | ६४३ |
| एमाले | ७१९ | ६०३ | ७६३ | ७०६ | ७६० | ७२८ | ७२३ |
| माओ | ९७७ | ४९६ | ५२७ | ७६६ | ८९३ | ७०९ | ७३१ |
| न.शक्ति | २५५ | ८५९ | ५०२ | २७६ | - | २४८ | २७७ |
| राप्रपा | १६ | १३ | १६ | ५१ | - | ३७ | ३० |

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ४३ (संयुक्तांक २९७) ने. सं. ११३७ बछलागा त्रयोदशी बुधवा: २०७४ जेठ १० गते बुधवार (May24, 2017) मूल्य रु.१०/- पृष्ठ २२

## स्थानीय तहको निर्वाचन पछि सोमवार नै बैठक बस्यो

# पहिलो बैठकले तीन वटा निर्णय के के गऱ्यो ?



**कीर्तिपुर सन्देश साप्ताहिक**

पहिलो स्थानीय तहको निर्वाचनवाट कीर्तिपुर नगरपालिकामा निर्वाचित भएका जनप्रतिनिधिहरुलाई त्रिवि स्मृति भवनमा गत सोमवार सपथ खुवाउने कार्य सम्पन्न भयो। काठमाण्डौं जिल्ला १० नम्बर निर्वाचन क्षेत्रका सांसद राजेन्द्र कुमार केसीको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा जिल्ला निर्वाचन आयोगका प्रमुखले कीर्तिपुर नगरपालिकाका मेयर, उपमेर र वडा अध्यक्षहरुलाई सपथ खुवाइएको थियो। कीर्तिपुर नगरपालिकाको व्यवस्थापनमा र निर्वाचन कार्यालय कीर्तिपुरको आयोजनामा भएको सो कार्यक्रममा अन्य नगर सदस्यहरुलाई भने नगरप्रमुख रमेश महर्जनले सपथ खुवाइएको थियो। उक्त कार्यक्रममा सांसदहरु श्याम श्रेष्ठ, विनोद श्रेष्ठ, राजनीतिक दलका प्रतिनिधिहरु, पूर्व मेयर हिराकाजि महर्जन, पुर्व उपकुलपति प्रा. डा हिराबहादुर महर्जन, नेपाली कंग्रेस र माओवादी केन्द्रका मेयर उम्मेदवारहरु राजकुमार नकर्मि र हिराबहादुर महर्जन लगायतको पनि उपस्थिति रहेको थियो। विभिन्न ब्यक्तित्वहरुले नव निर्वाचित नगरपालिकाका जनप्रतिनिधिहरुलाई शुभकामना मन्तब्य दिने क्रममा कीर्तिपुरको विकास र समृद्धिको लागि जोड दिनुपर्ने बताउनु भएको थियो।

सो सपथ ग्रहण कार्यक्रम पछि कीर्तिपुर नगरपालिकाको कार्यालय देवढोकामा पदभार ग्रहण गर्दै नगरपालिकाको पहिलो बोर्ड बैठक बसेको थियो। नगरपालिकाका मेयर रमेश महर्जनको सभापतित्वमा भएको सो बैठकले तीन वटा निर्णय गरेको थियो। सो बैठकलेले १ नम्बरमा नेपालभाषालाई पनि कामकाजी भाषाको रुपमा प्रचलनमा ल्याउने निर्णय गरेको थियो। बैठकले २ नम्बरमा ११ दिन भित्र निर्वाचित जनप्रतिनिधिहरुले आ-आफ्नो सम्पत्ति विवरण नगरपालिका कार्यालयमा बुझाउने र त्यसको ४ दिनपछि त्यो विवरण सार्वजनिक गर्ने निर्णय गरेको थियो।

त्यसैगरि कीर्तिपुर नगरपालिकाको पहिलो बोर्ड बैठकले सम्पूर्ण मतदाता तथा नगरवासीप्रति कृतज्ञता ज्ञापन गर्ने निर्णय गरेको थियो। कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले जेठ महिना भित्रमा स्वेतपत्र जारी गर्ने तयारी भइरहेको कीर्तिपुर सन्देश साप्ताहिकलाई बताउनु भएको छ। त्यसै गरि कीर्तिपुर नगरपालिकाको वडा नम्बर ४ मा तामाङ समुदायको वाक्लो वसोवास रहेका कारण सो वडामा तामाङ भाषालाई स्थानीय स्तरमा कामकाजको भाषा बनाउने सवालमा पनि छलफल गर्ने बताउनु भएको छ।

**बधाई तथा शुभकामना**

गत बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा कीर्तिपुर नगरपालिका वडा नं.९ बाट दलित महिला सदस्यमा निर्वाचित हुनु भएको यस Leo Club Of Kathmandu Golden Town का Secretary **कृति नेपाली**लाई हार्दिक बधाई एवं कार्यकाल सफलताको कामना गर्दछौं। साथै उहाँको विजयमा साथ दिनुहने सम्पूर्ण मतदाताहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।



कृति नेपाली

**लायन्स क्लब अफ काठमाडौं गोल्डेन टाउन**

**लियो क्लब अफ काठमाडौं गोल्डेन टाउन**

**SLC**

BRIDGE COURSE

1.SCIENCE

2.MANAGEMENT

3.TECHNICAL

- NURSING/HA
- OVERSEER
- ENGINEERING



**VALLEY**

**INSTITUTE, KIRTIPUR**

**NEAR KIRTIPUR GATE**

**014332509, 9849421216**

**www.valleyedu.com.np**

**facebook.com/valleyedu**

**कानुनी सल्लाहकार**
ज्ञानबहादुर महर्जन
**प्रकाशक**
नजरराम महर्जन
(९८४१४०१०७७)
**सम्पादक**
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

### चुनावमा सार्वजनिक गरेका प्रतिबद्धता कार्यान्वयनको सवाल

**बैशाख ३१ गते स्थानीय तहको निर्वाचनका क्रममा कीर्तिपुर नगरपालिकामा सहभागि प्रमुख राजनीतिक दलहरुले जनतासामु आ–आफ्नो प्रतिवद्धता जाहेर गरेका थिए । जसमा सबैको साझा प्रतिवद्धताको रुपमा कीर्तिपुरको खानेपानी समस्या समाधान गर्ने रहेका छन । फोहोर व्यवस्थापन गर्ने, नेवारहरुको आदिभूमि कीर्तिपुर नगरपालिकामा नेपालभाषालाई सरकारी कामकाजमा प्रयोग गर्न दिने । स्वास्थ्य समस्या समाधान अस्पतालको स्थापना र भएका अस्पतालहरुको स्तरोन्नती गर्ने आदि रहेका छन ।**

**प्रत्येक वडामा खेलकुद विकासको लागि खेलमैदान, कभर्ड हल बनाउने, लाईब्रेरी र ई–लाईब्रेरीको व्यवस्था गर्ने अव्यवस्थित र छरिएर रहेका वस्तीहरुलाई व्यवस्थित गर्ने, कीर्तिपुरलाई पर्यटकीय नगरी बनाउने प्रतिवद्धता व्यक्त गरि एका छन ।**

**प्रतिवद्धता हरेक निर्वाचनमा उम्मेदवारहरुले व्यक्त गर्ने गरेका छन । तर निर्वाचन हारेपछि म के गर्न सक्छु भन्ने आशयले पराजित उम्मेदवारहरु चुप लागेर बस्छन भने निर्वाचित पदाधिकारीहरु अर्कै काममा व्यस्त रहेर आफ्ना प्रतिवद्धता बिर्सन थाल्छ । कसले के के गरिरहेको छ भन्ने जनताले बुझिरहेका हुन्छन । जसले प्रतिवद्धता पुरा गर्दैन उसलाई अर्को चुनावमा हराईदिन्छ । यसरी कीर्तिपुरको सवालमा हरेक निर्वाचनमा फरक फरक पार्टीले जित्दै आएका छन । अहिले नेकपा एमालेलाई जनताले विश्वास गरेको छ हेरौं त्यस पार्टीका निर्वाचित पदाधिकारीहरुले प्रतिवद्धता पूरा गर्न सक्छ कि सक्दैन ।**

# बुझ्नु पर्ने कुराहरू

**रामभोला महर्जन**



नेपाली जनताले पहिलो चरणमा पहिलो चरणमा प्रदेश नम्बर ३, ४ र ६ मा गरी जम्मा २ सय ८३ स्थानीय तहका लागि ४९ हजार ३ सय ३७ उम्मेदवारलाई मतदान गरिएका थिए । जसमा एक, दुई स्थान वाहेक बाकी सबै स्थानहरुमा शान्तिपुर्वक नेपाली जनताले मतदान गरेका थिए । यो २०५४ जेठमा भएको स्थानीय चुनावको २० वर्षपछि फेरी स्थानीय चुनाव भएको हुनाले जनताले उल्लासमय तरिकाले मतदानमा भाग लिनु स्वाभाविकै थियो । स्थानीय दलगत प्रतिनिधिहरु पनि निकै खुसीसाथ जनताहरुलाई विभिन्न तरिकाले आफ्नो दलमा आकर्षित गरिएको प्रष्ट बुझिन्छ । नेपाली जनता पनि पहिलेको भन्दा धेरै सुझबुझ भएको हुनाले तुरुन्तै कसैलाई विश्वास गरिहाल्ने पक्षमा थिएन । त्यसकारणले उहाँहरु पनि दलहरुले वितरण गरेको घोषणा पत्र प्रतिवद्धता पत्रहरु हेर्न लागेका थिए । यसलाई सकारात्मक पक्षबाट बुझ्नु नै उत्तम होला ।

नयाँ संविधानले स्थानिय तहलाई पहिला दिएको अधिकार भन्दा बढी अधिकार दिए पछि पहिलो पटक यो चुनाव भएको हुनाले मतदातामा खुसी छाएको थियो । यो स्थानीय जनताको खुसीलाई यथार्थमा परिणत गर्न निर्वाचित प्रतिनिधीहरुले धेरै मिहेनत गर्नु पर्ने हुन्छ, किनभने स्थानीय सरकारको नेतृत्वमा आउने जनप्रतिधिहरुका लागि यो चुनौती र अवसर दुबै हुनेछ । चुनौती र अवसर यस अर्थमा हुने छ कि नगरपालिका भित्र बनेका यी ईकाईहरुलाई आफ्नै ढंगले विकास निर्माणसहित अगाडि बढाउने अवसर एकातिर प्राप्त भएको छ भने अर्कोतिर पहिलो नेतृत्व हुने भएकोले के कसरी अगाडि बढाउने भन्ने चुनौती पनि उत्तिकै छ ।

यो चुनौतीलाई स्वीकार गरि हाम्रो अधिकारहरुलाई राम्रोसंग अध्ययन गरी समस्याहरुलाई विस्तारै समाधान गर्दै गयो भने नहुने कुरा केहि छैन । जहाँ इच्छा त्यहाँ बाटो अवश्य हुन्छ । त्यसकारण स्थानीय जनताले आफूले मतदान गरेको प्रतिनिधि सक्षम र योग्य भएको देखाउन सक्ने हुनु पर्ने छ । नत्र स्थानीय जनताले नै विकासको अबसरबाट वंचित हुनु पर्ने छ । अनि फुर्सदमा पछुताउनु पर्ने हुन्छ । जनताको बलबाट २०६२/०६३ को आन्दोलन सफल भएको सर्वविदितै छ । संविधान सभाबाट संविधान बनाई स्थानीय तहलाई पहिलेका स्थानीय निकाय भन्दा तीन कारणबाट उच्च स्थानमा छ । जुन तपाईं हामीलाई थाहा भएको कुरा हो । पहिलो संघीय संरचनामा स्थानीय तहको कार्यक्षेत्र धेरै फराकिलो छ । जसलाई राज्यशक्तिको विभाजनको आधारमा तय भएकोले केन्द्रीय वा प्रादेशिक सरकारले चाहेर पनि खोस्न सक्दैन । दोस्रो, ऐन कानून बनाउन सक्ने, स्थानियले स्थानिय तहको अधिकार क्षेत्रमा सुचिकृत २२ वटा विषयमा स्थानिय व्यवस्थापिकाले ऐन कानुन र नियम बनाउन पाउँछ । तेस्रो फराकिलो भौगोलिक सिमाना, पहिलेको वडा कार्यालयहरु र गाविसहरुलाई एकिकृत गरि भौगोलिक सिमाना फराकिलो बनाइएका छन । अब अधिकारको विषयमा कुरा गर्नु पर्दा यो स्थानीय सरकारलाई २२ वटा अधिकार क्षेत्रमा समेटेको छ जस मध्य एउटा न्यायिक अधिकार पनि हो । जसभित्र स्थानिय अदालत पनि पर्न आउँछ । यसबाट सोझा आदिवासी, जनजातिहरुले आफ्नै गाउँ ठाउँमा न्याय सर्वसुलभ ढंगबाट पाउने आसा गर्न सक्छ । यसको साथै शिक्षा, स्वास्थ्य, सहकारी, कृषि, विद्युत र खानेपानीको पनि सर्वसुलभ तरिकाले विकास गरी उपयोग गर्न सकिने छ । अव महत्वपूर्ण अधिकारको रुपमा आर्थिक संकलन कुरा गर्नु पर्दा स्थानीय सरकारलाई आय आजन गर्न पाउने कुल १२ वटा श्रोतहरु पर्यटन आगमन शुक्ल, सवारी साधन शुक्ल, दण्ड जरिवाना शुक्ल छन । यसमध्ये महत्वपूर्ण शुक्लको रुपमा लिएको घर जग्गा रजिष्ट्रेशन शुक्ल पनि पर्न आउँछ । यी शुक्लहरुबाट १ वर्षमा अवौं रुपैया राजस्व उठाई आत्मानिर्भर हुन सक्छ । जसले सिंहदरवारको अधिकार गाउँघरमा भन्ने हल्लाले सबै क्षेत्रलाई हौसला बढाएको छ । त्यसकारण नयाँ स्थानीय सरकार अधिकार सम्पन्न र शक्तिशाली छ । यसले गर्दा सबै क्षेत्रको विकास निर्माण गर्नको लागि जनदवाव बढ्ने छ ।

योग्य र लगनशील जनप्रतिनिधिहरुले मात्र जनदवाव र प्रदेशबाट आउने दवावलाई समाधान गर्न सक्छ नत्र स्थानीयको अधिकार प्रदेशले खोसेर लिन सक्छ किनभने अधिकार क्षेत्रमा विवाद हुँदा केन्द्रसंग बाझिएका प्रादेशिक कानुन तथा केन्द्र र प्रदेशको कानुनसंग बाझिएका स्थानीय कानुन निष्प्रभावी हुन्छ । यसलाई अझ प्रष्ट संग भन्नुपर्दा माथि उल्लेख गरिसकेको १२ अर्थ संकलन श्रोतहरु प्रदेशको अधिकार क्षेत्रमा पनि पर्छ । दुवैले प्रदेश र स्थानीय सरकारले यी शीर्षकहरुबाट कर लगाउन कानुन बनाउँछ भने स्थानीय सरकारले बनाएको कानुनु प्रदेशको कानुन संग बाँझिन गए त्यो स्वत: निष्प्रभावी हुन्छ । यसले गर्दा स्थानीय सरकार अधिकार विहिन भएर बस्नुपर्ने हुन्छ ।

विगतबाट सिक, वर्तमानमा बाँच भोलीका लागि आसावादी वन महत्वपूर्ण पक्ष के हो भने जिज्ञासु बन्न नछोड । अल्वर्ट आइस्टाइनको भनाई जस्तो हाम्रा निर्वाचित प्रतिनिधिहरुले सिक्नु पर्ने हुन्छ । सबै मानिस सर्वगुण सम्पन्न भएर जन्मदैन । उसले पनि यही परिवेशबाट सिक्ने हो । सिकाउने हो गल्ति सबैको हुन्छ । त्यही गल्तिबाट पाठ सिक्ने हो । भोगाई र गराईमा तालमेल गर्न सक्यो भने आफ्नो ठाउँमा विकास गर्न सकिन्छ । मात्र म र मेरो पार्टी ठूलो अरु सानो तिनीहरुको कुरा मैले किन सुन्ने भन्ने अहमलाई छाडी हामी र हाम्रो भावना जागृत गराई सबै हामी दाजु भाई नै हो भनी मिली स्थानीयका काम गर्न सक्यो भने हामीले अरुको लागि उदाहरण दिन सकोस यही नै मेरो निर्वाचित प्रतिनिधिहरुलाई बधाई तथा शुभकामना दिन चाहन्छु ।

# हारेर पनि सबै जित



अशोक शोकी

हारेर पनि सबै जिते
(जस्ले साईत खोज्दैन उस्लाई बेसाईत हुदैन)
सय वटा युद्ध जिते पनि
मन हाऱ्यो भने सबै हाऱ्यो
सय वटा युद्ध हारे पनि
मन जित्यो भने सबै जित्यो

पाँच पाण्डवले सम्पूर्ण हारेर पनि सबै जिते युद्ध जित्ने क्षमता भएर पनि द्रोपतीकी चिरहरणमा नतमस्तक हुनु पऱ्यो । तत्कालीन राजा बिरेन्द्र सुरक्षाको घेरामा बसेर पनि परिवार सहित असुरक्षा परी वंश नाश हुनु पऱ्यो । समयको पावन्दीलाई कस्ले बुझ्न सकिन्छ । समय र परिस्थीतिलाई बुझ्नु बुद्धिमान हो, जीवन संघर्ष हो, उत्साह संघर्षको हतियार हो । उत्साहबाट प्रयास गरीन्छ, प्रयासबाट बिकाश पनि दास बन्छ । बिग्रेको काम सपार्नेलाई बिकाश भनिन्छ । एडिसनले बिजुलीको बल्व बनाउदा ८ प्रयासमा सफलता पाएको थिए । अब्राहम लिङ्कन अमेरिकाको राष्ट्रपति सानामा गरीबीको हाहाकार र अन्धकारमा बसे उनी उठेर चुलीमा पुगे । यो स्थानिय चुनावमा निर्वाचित नहुनेहरूले निर्वाचित हुनेहरूलाई आफ्नो अभिभारा सुम्पिएर मालिक भएको महसुस गर्नु पर्छ । जित्नेहरूले जनताहरूले महत्वपूर्ण जिम्मेवारी सुम्पी बिस्वास गरेकामा गौरवमय सम्झनु पर्छ । जसरी एउटा सिक्कामा कता पट्टीकोलाई सुल्टो सम्झने त्यो आफ्नै सोचाइमा भर पर्दछ ।

त्यस्तै जस्ले साईत खोज्दैन उस्लाई बेसाईत हुदैन । यो नियम बुद्ध भगवानले मान्नु भएको थियो । जुनसुकै ठाँउमा जुनसुकै बेलामा पनि आनन्द लिई राख्नु भएको थियो । त्यसैले भगवान बुद्धले कहिले बेसाइत ठानेनन् । साइत नखोज्नेलाइ बेसाइत हुदैन जनप्रतिनिधी पाउनेहरूले जुन जिम्मेवारी निभाउनको लागि शक्ति दिइएको हो लोभ र मोहमा परी अहमता गरेमा रावणको दुर्दशा हुन सक्छ, भनि सोचाई राख्नु पर्छ । जनताको मत पाएर शक्ति हात पाएका जनप्रतिधीहरूले जनताकै जित ठान्ने हो भने बिजय जुलुसमा पार्टीको झण्डा भन्दा राष्ट्रको झण्डा फहराएको भए राम्रो हुने थियो । हार्नु पर्ने मात्र हारेका छैन जित्नु पर्ने पनि हारेका छन ।

समाजमा केहि योगदान नभएको पार्टीको झण्डा मुनीबाट बिरालोले मुसा समात्न निस्के जस्तै चुनावमा मात्र समाजमा आइ कुर्सी समात्न निस्केका पनि छन । नेताको भक्ति गरेको भरमा चुनावको टिकट पाएर जित हासिल गर्न पाउनु । सर्वोच्च नेता गणेशमान सिंहले भन्नुभएको उपमा लागु हुन्छ । यो जनताको कमजोरी हो, यो एकाइसौं शताब्दीमा पनि हामीमा चेतना नहुनु हाम्रो दुर्भाग्य हो ।

निर्वाचनमा उत्रेका सबै नगर प्रमुखले पानीको समस्यालाई समाधान गर्ने प्रमुख नारा राखेका छन कीर्तिपुरमा पनि हाल बाक्लो बस्तीको कारण पानीको मुल समस्या भएको छ, यो जिम्मेवार नव निर्वाचित नगर प्रमुखको काँधमा आइपरेको छ । कीर्तिपुरमा नगर बिकाशले गरेको शहरी बिकाश योजना (टाउन प्लानिङ्गमा) सडकको दुई किनारामा दुई ईन्चको खाने पानी पाइप ओच्छयाएको १३ बर्ष भयो यस्तो अधुरो रहेको समस्यामा नव निर्वाचित नगर प्रमुखको पहिलो नजर जाओस भन्न चाहन्छु । हाम्रो देशमा ६५०० खोला नाला छन, ठुला नदी १४ रहेका छन । तर योजनावद्ध र ब्यवस्थित ढंगले कार्यान्वयन गर्न नसक्दा पानीको अभावै अभावमा बाच्नु जनता परेका छन । हालका नव निर्वाचित जनप्रतिनिधीहरुले मध्य नजर राखि यसलाई ब्यवस्थित ढंगले पानीको समस्या समाधान गर्नु होला भनि जनताले निकै ठुलो आशा राखेका छन ।

डि.स.का. दर्ता नं. : ३३३१/०६७/०६८

सहकारी ऐन २०४८ बमोजिम स्थापित

# दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

DARSHAN SAVING AND CREDIT CO-OPERATIVE LTD.

कीर्तिपुर न.पा.-१७, काठमाण्डौं, फोन नं. ०१-४३३४२३५

E-mail . info@darshansave.com, Website . www.darshansave.com

तपाईको आत्मसम्मान र आत्मनिर्भरताको लागि दर्शन बचत तथा ऋण सहकारी संस्था लि. ले ल्याएको छ ।



## जेष्ठ नागरिक सम्मान खाता

## हरेक महिना पेन्सन दशैं तथा तिहार खर्च

# 'कीर्तिपुरको पुरानो वस्तीलाई संस्कृतिक नगर र नयाँ वस्तीलाई व्यवस्थित वस्तीको रुपमा विकास गर्नेछु'

## – रमेश महर्जन, मयेर



कीर्तिपुर नगरपालिकाका नव निर्वाचित मेयर रमेश महर्जनसंग कीर्तिपुर नगर पालिका, नगरपालिकाले लिने नीति र भावी योजनाको सवालमा श्रीकृष्ण महर्जनले गर्नु भएको कुराकानिको आधारमा ।

**कीर्तिपुर नगरपालिकाको मेयर पदमा निर्वाचित हुनु भएको छ । अव कीर्तिपुर नगर पालिकालाई कसरी चिनाउनु हुन्छ ?**

– कीर्तिपुर नगरमा सांस्कृति एवं ऐतिहासिक रुपमा महत्वपूर्ण वस्तीहरु रहेको र नयाँ वस्तीको रुपमा पनि रहेको यस नगरलाई एक किसिमको ७६ औं जिल्ला भइसकेको छ। मैले मेयर पदमा उम्मेदवार दिने क्रममा पनि कीर्तिपुरको ऐतिहासिक वस्तीहरु कीर्तिपुर, पांगा, नगाउँ, च्वभार, इतागोल, लनगोल जस्तो स्थानलाई पर्यटकीय क्षेत्र, संस्कृतिक क्षेत्रको रुपमा विकास गर्नेछु । नेवाः समुदायको मौलिकता झल्कने, संस्कृति झल्कने किसिमका घर निर्माणका लागि प्रोहोत्सान गर्ने, परम्पराग सीपलाई प्राथमिकाता दिने नीति बनाउनेछु। त्यसै गरि अहिले वस्ती विस्तार भएका क्षेत्रमा व्यवस्थिति वस्तीको रुपमा विकास गर्ने योजना बनाएकोछु त्यहि अनुसार अघि बढ्नेछु।

**कीर्तिपुर नगरपालिकामा तपाईले अव नेपालभाषालाई पनि सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिने बताउनु भएको छ । संविधान अनुसार प्रदेशका लागि सकारी कामकाजको भाषा बनाउने सवालमा भाषा आयोगले सिफारिस गर्नुपर्ने व्यवस्था गरिएको छ तर स्थानीय तहको सवालमा भने मौन रहेको अवस्था छ । यस्तो अवस्थामा तपाईलाई भोलिका दिनमा समस्या आउदैन र ?**

– कीर्तिपुर नगरपालिकामा नेपाली भाषाका साथ साथै नेपालभाषालाई पनि मान्यता दिने भनी मैरै अध्यक्षतामा बसेको कीर्तिपुर नगरपालिकाको पहिलो बैठकले निर्णय गरिसकेको अवस्था छ। स्थानीय भाषा, संस्कृतिलाई संरक्षण सम्वर्द्धन र विकास गर्नका लागि हामीले नेपालभाषालाई पनि कामकाजको भाषाको रुपमा मान्यता दिएका हौं। यो हाम्रो अभियान हो। हो संविधानमा स्थानीय निकायमा सकारी कामकाजको भाषाको सवालमा कुनै कुरा उल्लेख भएको छैन। तर नेवाः समुदायको सघन वस्ती भएको कीर्तिपुर जस्तो स्थानमा नेपालभाषालाई सरकारी कामकाजको भाषाको रुपमा लान सकिएन भने त्यो ठूलो भूल हुनेछ। त्यसैले हामीले मान्यता दिएका छौं।

**नेपालभाषालाई मान्यता दिदैमा नेवाः समुदायले नेपालभाषालाई सरकारी कामकाजको भाषाको रुपमा कीर्तिपुर नगरपालिकामा प्रयोग गर्न गाह्रो मान्दै प्रयोग नर्गन पनि सकिन्छ नि होइन र ?**

– म यो सवालमा कीर्तिपुरका नेपालभाषा प्रेमि र भाषासेवीहरुसंग छलफल गर्नेछु। सम्वन्धित साथिहरुसंग कुराकानी सुरु गरिसकेका छौं। नेपालभाषालाई बचाउनका लागि नगरपालिकामा नेपालभाषामा निवेदन दिएर मात्र हुदैन। यो भाषालाई बचाउनका लागि टोल टोलमा भाषा, लिपि प्रशिक्षणका कार्यक्रम संचालन गर्नुपर्छ। एक ढंगवाट जागरण ल्याउनुपर्छ। यस्को लागि पनि मैले भूमिका खेल्नुछु।

**तपाईले चुनाव अधि मेयर पदमा निर्वाचित भएमा आफू र वडा अध्यक्षदेखि नगर सदस्यहरुको पनि सम्पत्ति सार्वजनिक गर्ने बताउनु भएको थियो के भयो ?**

मैले जुन कुरा चुनाव अधि उल्लेख गरेका थिए आज त्यो कामका लागि निर्णय भइसकेको छ। कीर्तिपुर नगर पालिकाको पहिलो बैठकले नै सबै जनप्रतिनिधिहरुले आ आफ्नो सम्पत्ति विवरण नगपालिकामा बुझाउने निर्णय भइसकेको छ। अव करिव १५ दिन पछि कीर्तिपुर नगरपालिकाका सबै जनप्रतिनिधिहरुको सम्पत्ति सार्वजनिक गर्ने तयारीमा लागेका छौं। जहां सम्म नगरपालिकाको कर्मचारीहरुको सवालमा भने उनीहरुले स्थानीय विकास मन्त्रालयमा बुझाइसकेको हुनाले के गर्ने भन्ने विषयमा मन्त्रालयसंग कुराकानी गर्नेछु।


## बधाई तथा शुभकामना



मेयर
रमेश महर्जन

काठमाण्डौं जिल्ला कीर्तिपुर नगपालिकाको गरिमामय मेयर पदमा शानदार विजय हुनु भएकोमा **रमेश महर्जनलाई** हार्दिक बधाई व्यक्त गर्दछौं । उहाँलाई विजय गराउन सहयोग गर्नुहुने कीर्तिपुरवासी आमाबुबा, दाजुभाई, दिदीबहिनी र अन्य सबैलाई धन्यवाद व्यक्त गर्दै महर्जनज्यूको आगामी कार्यकाल जनताको सेवा र विकासमा दत्तचित्त हुँदै अगाडी बढ्न सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्र अमात्य**
**प्रोपाइटर**
**फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग**
कीर्तिपुर

## बधाई तथा शुभकामना



**श्री राजेन्द्र महर्जन**



**श्री ज्ञानप्रसाद महर्जन**

यस कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि. का सदस्यहरु काठमाण्डौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. ३ को वडा अध्यक्ष पदमा निर्वाचित **श्री राजेन्द्र महर्जन** र नगर सदस्य पदयमा निर्वाचित **श्री ज्ञानप्रसाद महर्जन**लाई हार्दिक बधाई व्यक्त गर्दछौं । उहाँहरुको कार्यकाल जनताको सेवा र विकासमा दत्तचित्त हुँदै अगाडी बढ्न सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.**
**कीर्तिपुर-९**
फोन नं. ४३३०६०९, ४३३५५५१

☑ Exchange Offer

☑ Online Shoping को लागि
Playstore मा MN Shop App. को व्यस्था

☑ सम्पुर्ण सामानहरुमा वारेन्टी

☑ सस्तो, भरपर्दा र उत्कृष्ट ब्राण्डका सामानहरु



SAMSUNG ZTE COLORS GIONEE OPPO ZOPO MEIZU HUAWEI LAVA

Mobile
Nikunja Pvt. Ltd.

Head Office:
Kirtipur-17, Kathmandu ☎ : 01-4333257
E-mail: mobilenikunj4333257@gmail.com

Showroom:
Kirtipur-17, Kathmandu
Prayag Pokhari-12, Lalitpur
Kuleshwor-14, Kathmadu
Mahabauddha-5, Mobile House

# पाँगामा सुरक्षित शहर अभियान कार्यक्रम




सामुदायिक विकास समाज नेपाल पाँगाले महिलामाथि हुने हिंसा तथा दुर्व्यवहार न्युनिकरणका लागि सन् २०१७ **सुरक्षित शहर अभियान कार्यक्रम**को आयोजना गरिएको थियो ।

गत जेठ ९ गते जनसंख्या स्कुलको प्रांगणमा भेला भई ऱ्यालीको आयोजना गरी पाँगाको धोकासी टोलमा रहेको नवज्योति स्कुलमा प्रागणमा पुगी कोणसभाको आयोजना गरियो । व्यापक रुपमा स्थानीय महिलाहरु, विद्यार्थीहरु र प्रहरीहरुको पनि उपस्थिति रहेका थिए ।

उक्त कार्यक्रमको प्रमुख अतिथी किर्तिपुर नगरपालिका वडा नं.८ का नवनिर्वाचित महिला सदस्य सानु मैंया महर्जन




हुनुहुन्थ्यो । प्रहरी बृत्त कीर्तिपुरका लोकेन्द्र घिमिरे, होमनेटका सपना महर्जन पनि अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रमको औचित्य बारे सामुदायिक विकास समाजका सरिना महर्जनले प्रष्ट्याउनु भएको थियो ।

सुरक्षित शहर कस्तो भए सार्वजनिक स्थलमा महिलाहरूले सुरक्षित महसुस गर्ने छन् भन्ने बारे वक्ताहरुले सुझाव दिएका थिए ।

**सडक** : सडकमा बल्ने बत्ती, उपयोगी सङ्केतसहितको बोर्ड, रात्रीकालीन सङ्केतसहितको उज्यालो बोर्ड, चोक तथा गल्लीहरुमा प्रहरी गस्तीको व्यवस्था, महिला प्रति पुरुषहरूको मर्यादित र सम्मानजनक व्यवहार ।

**यातायात** : सार्वजनिक वसपार्क तथा वस विसौनीमा महिला र किशोरीहरूले सुरक्षित महसुस र्नु, महिला, आपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आरक्षित सिटको सदुपयोग हुनु, महिला, बालबालिका र वृद्धवृद्धाहरूलाई प्राथमिकता दिने, क्षमताभन्दा बढी यात्रु नबोक्ने, महिला तथा किशोरीहरूले आफू माथि हिंसा तथा दुर्व्यवहार भएको खण्डमा आवाज उठाउने तथा प्रतिकार गर्ने, महिला, बालबालिका तथा बृद्धबृद्धा माथि सहचालकबाट दूर्व्यवहार भएमा चालकले सहचालकलाई त्यसो नगर्न चेतावनी दिने र यात्रुलाई सुरक्षा दिने ।

***सार्वजनिक शौचालय :*** पर्याप्त मात्रामा प्रयोग गर्न योग्य पानीको व्यवस्था, सुरक्षित र व्यवस्थित ढोका, पर्याप्त उज्यालोको लागि बत्तीको व्यवस्था, शौचालय परिसरमै फोहोर राख्ने भाँडाको व्यवस्था, शौचालयमा अश्लील शब्द लेख्न बन्द गर्ने र मर्यादित बनाउने, सार्वजनिक शौचालय संचालक स्थानिय समिति तथा समुहले माथि उल्लेखित व्यवस्था भए नभएको अनुगमन गर्ने एवं पृष्ठपोषण गर्ने, शौचालय व्यवस्थापन सहयोगीसंग आवश्यक सफाईको सामाग्री र ज्ञान भएको ।

विद्यालय/कलेज : विद्यालय तथा महाविद्यालय इलाकामा महिला शिक्षक र किशोरीहरु सुरक्षित भै ढुक्कसंग आवतजावत गर्न सक्ने, पुरुष शिक्षक, सहकर्मी तथा सहपाठी साथीले सहकर्मीहरूले महिला शिक्षक, कर्मचारी तथा विद्यार्थी प्रति सम्मानजक व्यवहार गर्ने, महिलामैत्री तथा छात्रामैत्री शौचालयको व्यवस्था हुने, छात्राहरुको लागि विशेष कोठाको व्यवस्था भएको हुने, विद्यालय वरपर प्रहर ीगस्ती हुने जसबाट सम्भाव्य हिंसा र दुर्व्यवहार भएमा विद्यालयले उचित कारवाही गर्ने र महिला तथा किशोरीहरूलाई सुरक्षाको अनुभुती दिलाउन

उक्त कार्यक्रम Safe cities for women Nepal, Homenet, Action aid को सहयोग रहेका थिए ।

---

## नेकपा माओवादी केन्द्रका तर्फबाट कीर्तिपुर नगरपालिकामा प्रमुख पदको उम्मेदवार हिरावहादुर महर्जनको



# प्रेस विज्ञप्ति

आदरणीय जनसमुदाय !

कीर्तिपुरका जनताले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय तहको निर्वाचन अन्तर्गत भएको कीर्तिपुर नगरपालिकाको चुनावमा म र मेरो पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)लाई प्रतिपक्षमा बसेर काम गर्न अह्राएको छ। यस चुनावमा कीर्तिपुरका मतदाताहरूले मलाई आफ्नो मत दिई कीर्तिपुर नगरपालिकामा मेयरको रुपमा हेर्न चाहे। म र मेरो पार्टीको बिचार, राजनीति, कार्यक्रम र प्रतिवद्धताप्रति सहमति जनाउने तपाईं सम्पूर्ण जनसमुदायमा मेरो व्यक्तिगत र पार्टीको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

निर्वाचन प्रचारको क्रममा हाम्रो पार्टीले कीर्तिपुरका जनता समक्ष ४५ बुँदे प्रतिवद्धता जाहेर गरेको थियो। नगरपालिकालाई साँच्चीकै जनताको स्थानीय सरकारको रुपमा विकास गर्ने हाम्रो प्रतिवद्धता थियो । संविधानले तोकेको क्षेत्रभित्र रही नगर वासीहरूका लागि जनमुखी नियम कानुनको निर्माण गर्ने, जनताको समृद्धी उन्मुख आर्थिक कार्यक्रम लागु गर्ने, सिमान्तकृत एवं उत्पीडित जनसमुदाय, आदिवासी(जनजाति तथा दलितहरूको उत्थानका लागि विशेष कार्यक्रम संचालन गर्ने र जनमुखी न्याय सेवा प्रदान गर्ने हाम्रा मुख्य आधारभूत प्रतिवद्धताहरू हुन्। वृद्ध, अपाङ्ग र एकल महिलाहरूको जीविका सहज बनाउन नेपाल सरकारले हालसम्म उपलब्ध गराउँदै आएको मासिक भत्तामा थपेर त्यसको राशि ५ हजार सम्म पुऱ्याउने हाम्रो लक्ष्य थियो।

कीर्तिपुरमा हालसम्म पनि समाधान हुन बाँकी महत्वपूर्ण समस्या भनेको शुद्ध खानेपानीको नियमित र पर्याप्त आपूर्ति हो । हामीले यस क्षेत्रमा अल्पकालीन र दीर्घकालीन योजना बनाई पाँच वर्षभित्रमा सबैलाई शुद्ध र पर्याप्त खानेपानी उपलब्ध गराउने लक्ष्य लिएका थियौं । नगरमा फोहोरको व्यवस्थापन एक महत्वपूर्ण कामको रुपमा रहँदै आएको छ । तर, यसको उचित समाधान अझै निस्किएको छैन। हामीले नगर फोहोरको उचित व्यवस्थापनलगायत त्यसैबाट ऊर्जा उत्पादन गर्ने परियोजनाहरू कार्यान्वयन गर्ने लक्ष्य लिएका थियौं।

आदरणीय जनसमुदाय

निर्वाचन प्रचारको क्रममा हामीबाट जारी भएका प्रतिवद्धताहरू मत तान्नका लागि मात्र पक्कै थिएनन्। नगरपालिकाको नेतृत्व गर्ने जनादेश पाएको भए पक्कै पनि ती प्रतिवद्धताहरू पूरा गर्न म र मेरो पार्टी पूर्ण रुपमा सफल हुनेमा हामीलाई शंका छैन। जनता नै सम्पूर्ण हुन्। त्यसैले बहुमत जनताले अहिले हामीलाई प्रतिपक्षमा बसी भूमिका निर्वाह गर्ने जुन जनादेश दिएको छ, त्यो भूमिकालाई सम्मान गर्दै त्यस अनुसार काम गर्न हामी पूर्ण प्रतिवद्ध छौं। म, मेरो टीम र मेरो पार्टी नेकपा (माओवादी केन्द्र) जनताले हामीलाई दिएको स्थानप्रति पूर्ण सम्मान प्रकट गर्दछ । र, प्रतिपक्षमा बसेरै पनि जनताको पक्षमा काम गर्न हामीले जारी गरेका प्रतिवद्धताहरू पूरा गर्न र गराउन हामी निरन्तर लागिरहने बाचा गर्दछौं । मैले मेयरको रुपमा उम्मेदवारी दिँदा नै आगामी पाँच वर्षका लागि कीर्तिपुर जनताको आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धि, सुशासन र जनमुखी न्याय सेवाको क्षेत्रमा आफूलाई समर्पित गर्ने प्रण गरेको थिएँ । त्यसैले जनताले दिएको प्रतिपक्षको स्थानमा रहेर नै पनि ती कामहरू गर्न म र मेरो टीम अघि सर्ने कुरामा कीर्तिपुरका जनता ढुक्क हुन म अनुरोध गर्दछु।

अन्तमा निर्वाचनमार्फत् कीर्तिपुर नगरपालिकाको नेतृत्व सम्हाल्ने मौका पाएको पक्षलाई म हार्दिक बधाई दिन चाहन्छु।

# बधाई तथा शुभकामना



यस विद्यालयका संस्थापक,
पुर्व प्रिन्सिपल तथा
वर्तमान निर्देशक
शिक्षाप्रेमी, समाजसेवी

**श्री रमेश महर्जन**

ऐतिहासिक, साँस्कृतिक, शैक्षिक नगरी कीर्तिपुर नगरपालिकाको गरिमामय मेयर पदमा सानदार विजय हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं। उहाँको कार्यकालमा शिक्षा क्षेत्रमा युगान्ताकारी परिवर्तनसहित कीर्तिपुर क्षेत्रको सर्वोपरि विकासमा अतुलनीय सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।

प्रिन्सिपल
(राजन तण्डुकार)
तथा
हिलटाउन विद्यालय परिवार
बाघभैरवस्थान, कीर्तिपुर – १

# हार्दिक बधाई



कीर्तिपुर नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित रमेश महर्जन

गत बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा ऐतिहासिक नगर कीर्तिपुर नगर पालिकाको गरिमामय पद नगर प्रमुख पदमा निर्वाचित हुनु भएका श्री रमेश महर्जन, उपप्रमुख पदमा निर्वाचित सरस्वती रिजाल खड्का र सम्पूर्ण वडाध्यक्षहरु र नगर समिति सदस्यहरुमा हार्दिक बधाईको साथै कार्यकाल सफलताको कामना गर्दछौं ।



कीर्तिपुर नगरपालिकाको नगर उपप्रमुख पदमा निर्वाचित सरस्वती रिजाल



वडा नं. १ का निर्वाचित वडाध्यक्ष श्री हर्ष महर्जन



वडा नं. २ का निर्वाचित वडाध्यक्ष श्री रमेश मान डंगोल



वडा नं. ३ का निर्वाचित वडाध्यक्ष श्री राजेन्द्र महर्जन



वडा नं. ४ का निर्वाचित वडाध्यक्ष श्री राजेन्द्र बानियाँ



वडा नं. ५ का निर्वाचित वडाध्यक्ष श्री राजेन्द्र महर्जन



वडा नं ६ का निर्वाचित वडाध्यक्ष श्री न्हुच्छेवहादुर महर्जन



वडा नं. ७ का निर्वाचित वडाध्यक्ष श्री राजकुमार माली



वडा नं.८ का निर्वाचित वडाध्यक्ष श्री विनोद महर्जन



वडा नं. ९ का निर्वाचित वडाध्यक्ष श्री गंगाराम महर्जन



वडा नं.१० का निर्वाचित वडाध्यक्ष श्री अमन महर्जन

## दिनेश दर्शनधारी
## अध्यक्ष
## तथा
## दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
## परिवार

नयाँबजार, कीर्तिपुर-९ फोन नं. ०१४३३४२३५

## कीर्तिपुर नगरपालिकामा नेपाली कांग्रेसको तर्फबाट मेयर पदका प्रत्यासी राजकुमार नकर्मीको

# विज्ञप्ति एवं धन्यवाद ज्ञापन



**आदरणीय कीर्तिपुरबासी जनसमुदाय,**

२०७४ बैशाख ३१ गते भएको स्थानिय तहको निर्वाचनको सफलतासंगै जनआन्दोलन ०६२/०६३ को महत्वपूर्ण उपलब्धी संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने पहिलो आधार मुलुकले पार गरेको छ। २० वर्षपछि भएको स्थानिय निर्वाचनमा जनताको उत्साहजनक सहभागिता रहनु आफैमा राजनीतिक परिवर्तनप्रति नेपाली जनताले देखाएको दृढ संकल्प, अटूट विश्वास र अटल प्रतिबद्धताको आधार मान्न सकिन्छ।

'कांग्रेसकै नेतृत्वमा शान्ति र संविधान, कांग्रेसकै नेतृत्वमा समृद्धिको अभियान' भन्ने उद्‌घोषका साथ स्थानिय तहको निर्वाचनमा होमिएको नेपाली कांग्रेसको नेतृत्वप्रति कीर्तिपुरबासी जनसमुदायले देखाएको अपार स्नेह र विश्वासले निश्चय पनि आगामी दिनहरूमा पनि देश र जनताप्रति समर्पित भई परिवर्तनका पक्षमा सदा अटल रही अघि बढ्न अभिप्रेरित गरेको छ। निर्धारित मितिमै चुनाव हुने वा नहुने भन्ने राजनीतिक अन्यौलताका बीच बैशाख १९ गते उम्मेदवारी दर्तापछि अत्यन्त छोटो समयमा निर्वाचनमा होमिनुपरेको तितो यथार्थता र जनताका घरदैलोसम्म पुग्नसम्म पर्याप्त समय नभएको असहज परिस्थितिमा पनि विगतमा कीर्तिपुरबासी जनताले देशको प्रजातान्त्रिक आन्दोलन र राजनीतिक परिवर्तनको नेतृत्व गर्दै लामो इतिहास बोकेको नेपाली कांग्रेसप्रति देखाउदै आएको स्नेह र विश्वासलाई आधार मानी स्थानिय तहको निर्वाचनमा सहभागी भई सफल बनाउनु हाम्रो पहिलो प्राथमिकता एवं जिम्मेवारीको रुपमा रहयो। तसर्थ, चुनावमा हार जित वा परिणाम आफ्नो पक्षमा आयो, आएन भन्ने सवालभन्दा पनि निर्वाचन नै प्रजातान्त्रिक शासन पद्धतिको एकमात्र विश्वसनीय आधार स्तम्भ भएकोले चुनावमार्फत् जनताले दिएको अभिमतलाई ससम्मान स्विकार गर्नु हामी सबैको परम कर्तव्य हो।

अन्त्यमा, न्यायप्रेमी कीर्तिपुरबासी जनताले आफ्नो अमूल्य मतमार्फत् दिएको अभिमतलाई कदर एवं सम्मान गर्दै आगामी दिनहरूमा पनि देश र जनताको पक्षमा दृढ भई अग्रसर रहिरहने विश्वास र प्रतिबद्धताका साथ सम्पन्न स्थानिय तहको निर्वाचनमा समृद्ध कीर्तिपुर निर्माण अभियान सार्थक बनाउन रूख चिन्हमा मत दिई नेपाली कांग्रेसको नेतृत्वप्रति अगाढ स्नेह एवं विश्वासका साथ मत जाहेर गर्नुहुने सम्पूर्ण परिवर्तनकामी न्यायप्रेमी कीर्तिपुरबासी जनसमुदायप्रति हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु। साथै निर्वाचनको दौरानमा कीर्तिपुरको विकास निर्माणमा म र मेरो दलको तर्फबाट जनतासामु गरेका प्रतिबद्धताप्रति सदा दृढ भई अग्रसर रहने विश्वास दिलाउन चाहन्छु।

धन्यवाद, जय नेपाल। मिति : ०७४ जेठ ८ गते



# हार्दिक बधाई तथा शुभकामना



कीर्तिपुर निर्माण व्यवसायी संघ, कीर्तिपुर नगर कमिटीका सदस्यहरु **श्री राजेन्द्र महर्जन** कीनपा वडा नं ३ वडा अध्यक्ष पदमा निर्वाचित र **श्री संजयमान डंगोल** कीनपा डा नं. ९ नगर सदस्यमा निर्वाचित हुनु भएकोले हार्दिक बधाई ब्यक्त गर्दछौ। साथै उहाँहरुको कार्यकाल जनताको सेवा विकासमा सफलता मिलोस भन्ने हार्दिक शुभकामना ब्यक्त गर्दछौ।

## कीर्तिपुर निर्माण व्यवसायी संघ

कीर्तिपुर नगर कमिटी

# बधाई तथा शुभकामना



यस कलेज व्यवस्थापन समितिका सदस्य वरिष्ठ समाज सेवी, शिक्षा सेवी, विकास प्रेमी कीर्तिपुर नगर पालिका वडा नम्बर १ बस्ने **श्री रमेश महर्जनज्यु** कीर्तिपुर नगरपालिकाको प्रमुख पदमा बिजयी हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।साथै यस निर्वाचनमा बिजयी प्राप्त गर्नु हुने उप प्रमुख, वडा अध्यक्ष तथा सदस्यहरू सबैमा हार्दिक बधाई ज्ञापन गर्दछौं । उहाँहरूको आगामी कार्यकालमा समग्र कीर्तिपुरको समृद्धि र विकास होस भनी सफलताको शुभकामना व्यक्त गर्दछौं ।

SHAHID SMARAK COLLEGE
SSC
ESTD. 1990
KIRTIPUR, KATHMANDU, NEPAL

## सहिद स्मारक कलेज परिवार

कीर्तिपुर

# पृथ्वीनारायणदेखि प्रचण्डसम्म कीर्तिपुरले किन गर्छ पटक-पटक चमत्कार ?

## कीर्तिपुरका मेयरको पहिलो निर्णय 'नेपाल भाषालाई कामकाज बनाउने'



**-मात्रिका पौडेल-**

चुनावअघि काठमाडौंका १० नगरपालिकामा कुन दलको अवस्था मजबुत छ भनेर धरातलको अवस्था बुझ्ने क्रममा हामी कीर्तिपुर पुगेका थियौं । एमालेका नेताहरुले हार्ने सम्भावित नगरपालिकाका रुपमा धेरैले कीर्तिपुरलाई राखेका थिए ।

कीर्तिपुरका मतदाताको मूड बुझ्न अप्ठेरो हुन्छ। आजसम्मका इतिहासले यही भन्छ। पृथ्वीनारायण शाहदेखि प्रचण्डलाई हराउने कीर्तिपुर नै हो । पृथ्वीनारायण शाह, मदन भण्डारी र प्रचण्डलाई जिताउने पनि आखिर कीर्तिपुर नै हो ।

एमालेकै नेताहरुले हार्ने लिष्टमा राखेको कीर्तिपुरका मतदाताको मूड यसपालि फेरि एछ। एमालेका काठमाडौं जिल्ला सहइञ्चार्ज समेत रहेका कीर्तिपुरे नेता सुरेन्द्र मानन्धरले भनेका थिए– हेर्नुस यो कीर्तिपुरले इतिहासदेखि नै सधैं चमत्कार गरेको छ । यसपटक पनि चमत्कार हुन्छ, १८ वर्षपछि एमालेको शानदार कमब्याक हुँदैछ कीर्तिपुरमा ।

नभन्दै शुक्रबार साँझ कीर्तिपुरमा सूर्य उदायो। कीर्तिपुर जितेर एमालेले पहिलो चरणको चुनाव परिणाममा शतक पार गऱ्यो। कीर्तिपुर जितेर पृथ्वीनारायण शाहले उपत्यका जिते जस्तै एमालेले पनि यसपटक कीर्तिपुर जितेर शतक हान्यो। प्रचण्डलाई तेस्रो बनाएर गत संविधानसभा चुनावमा दोस्रो भएका एमाले नेता सुरेन्द्र मानन्धरले भने-कीर्तिपुर जित्दा एमाले सधैं जित्ने गरेको छ । कीर्तिपुर एमालेको बिजयको बिम्ब हो ।

मदन भण्डारी र कृष्णगोपाल श्रेष्ठलाई एक एक पटक जिताएको कीर्तिपुरमा २०५६ सालदेखि लगातार एमाले हार्दै आएको थियो र तेस्रो स्थानमा राखेका थिए एमालेलाई कीर्तिपूरबासीले। तर यसपटक एमालेकै शीर्ष नेतृत्वलाई चकित पार्दै कीर्तिपुरबासीले एमालेका मेयर रमेश महर्जन, उपमेयर शरस्वती खड्का सहित १० मा ७ वडाध्यक्ष जिताइदिए ।

मेयर महर्जनले अनलाइनखबरसँग भने - कीर्तिपुरको इतिहास नेपाल भाषाको उत्पतिसँग गाँसिएको छ । संविधानले दिएको अधिकार प्रयोग गर्दै हामी पहिलो निर्णय नेपाल भाषालाई नगर पालिकामा कामकाजको भाषा बनाउनेछौं

कीर्तिपुरबासीले राजनीतिक पार्टी र नेतालाई शिखरमा चढाउन पनि जानेका छन्, पातालमा भसाउन पनि जानेका छन्। कीर्तिपुरको यो प्रवृतिसँग भलीभाँती जानकार रहेका एमाले नेताहरुले चुनाव जित्नासाथ मेयर र उपमेयरलाई बोलाएर भने– 'अब कीर्तिपुरबासीको मनोविज्ञान बुझेर काम गरौं, नत्र हाम्रो हालत प्रचण्डकै जस्तो बनाइदिन्छन् ।'

कीर्तिपुरका नवनिर्वाचित जनप्रतिनिधिहरुले सोमवार पद तथा गोपनियताको सपथ ग्रहण सँगै कार्यभार सम्हाल्दैछन् । कीर्तिपुरका मेयरले पहिलो निर्णय के गर्लान् ? यो सबैको चासो हुनेनै भयो। यो जिज्ञासा अब रहनेछैन। नेवा:समुदायको सघन बसोबास गरिरहेको कीर्तिपुर नगरपालिकामा सरकारी कामकाजको भाषा नेपाल भाषा हुनेछ भन्ने औपचारिक निर्णयमा कीर्तिपुरका मेयर रमेश महर्जनको पहिलो हस्ताक्षर हुनेछ ।

चुनाव जितेपछि बधाइ खाँदै र जनतालाई धन्यवाद दिँदै कीर्तिपुरबासीको घरदैलोमा पुगिरहेका मेयर महर्जनले अनलाइनखबरसँग भने- कीर्तिपुरको इतिहास नेपाल भाषाको उत्पतिसँग गाँसिएको छ । संविधानले दिएको अधिकार प्रयोग गर्दै हामी पहिलो निर्णय नेपाल भाषालाई नगर पालिकामा कामकाजको भाषा बनाउनेछौं ।

कीर्तिपुरले यो निर्णय गरेपछि नेपालमै सरकारी कामकाजको भाषा नेपाली भाषा बाहेक अर्कोले पनि व्यवहारमै मान्यता दिलाउने स्थानीय तह कीर्तिपुर हुनेछ भने नेवार समुदाय त्यसबाट लाभान्वित हुने पहिलो जनजाति समूह हुनेछ । 'हामीले कीर्तिपुरको विशिष्ठतालाई बुझेर जनतालाई सहजीकरण गर्न नेपाल भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिन लागेका हौं' नवनिर्वाचित उपमेयर सरस्वती खड्का रिजालले बताइन् ।

कीर्तिपुर नगरपालिकाले अर्को निर्णय पनि सम्भवत: पहिलो दिनमै गर्दैछ । त्यो के भने–नगरपालिकाका मेयर, उपमेयर, वडाध्यक्ष र कार्यकारी अधिकृतदेखि सबै कर्मचारीको सम्पत्ति विवरण सार्वजनिक गर्ने। एमाले पार्टीले कीर्तिपुरका नवनिर्वाचित मेयर उपमेयर र वडाध्यक्षलाई सम्पत्ति विवरण सार्वजनिक गर्न निर्देशन दिएपछि नगरपालिकाले यसमा कर्मचारीलाई समेत पारदर्शी बनाउन सबैको सम्पत्ति विवरण फारम भराउन लागेको हो ।

नगरपालिकाको कोषबाट तलब खाने सबैले सम्पत्ति विवरण अद्यावधिक गरिरहेमा जनतामा विश्वास जाग्ने र भ्रष्टाचार तथा अनियतमितता नहुने भएकाले सम्पत्ति विवरण भराउन लागिएको मेयर महर्जनले बताए। 'म ५ वर्षसम्म मेयर हुँदा नियम बमोजिम पाउने बाहेक एक पैसा पनि खान्न र मेरो नगरपालिकाभित्र कसैले पनि अनियमितता गर्न पाउदैन' महर्जनले भने "त्यसकै लागि हो सम्पत्ति विवरण सार्वजनिक गर्ने' ।

चुनावअघि जनताबीच गरेका बाचा र घोषणापत्र रमेश र सरस्वतीले आफ्नो साथमै राखेका छन् । यो टिमले अब तत्कालीन र दीर्घकालीन दुई प्रकारका कामको एजेण्डा तय गरेको छ । महर्जनले भने- घोषणापत्र अनुसार हामी ५ वर्षभित्र प्रतिबद्धता पूरा गर्नेछौं । तर, जनताले तत्काल परिवर्तन खोज्छन्,त्यसको अनुभूति गराउने योजनामा हामी छौं ।

तत्काल जनतालाई जनप्रतिनिधि हुँदा र नहुँदाबीचको फरक अनुभूति गराउन उनले २ साताभित्र सार्वजनिक स्थलबाट फोहोरमैला सम्पूर्ण रुपमा हटाएर सफा सुन्दर कीर्तिपुर नगरको अभियान आरम्भ गर्ने निर्णय तत्कालै हुँदैछ। मेयर महर्जनले भने-२ साताभित्र सार्वजनिकस्थलमा फोहोर देख्न पाइने छैन ।

कीर्तिपुरको अर्को विकराल समस्या भनेको खानेपानी हो । दीर्घकालीन रुपमा खानेपानी व्यवस्थापन गर्न समय लाग्छ । तर, अल्पकालीन व्यवस्थापन २ महिनाभित्र गरिने मेयर महर्जनले बताए। उनले भने- खानेपानीको अन्तरिम व्यवस्थापन गर्न स्रोत खोज्दैछौं। तत्काल नयाँ बजेट ल्याउन नमिल्ने भएकाले अहिलेकै बजेटबाट काम गर्ने हो । हामी फोहोरमैला र खानेपानी व्यवस्थापनको काममा भोलिदेखि नै लाग्छौं ।

कीर्तिपुर नगरपालिकामा अब नेपाली र नेपाल भाषा गरी दुईवटा सरकारी कामकाजका भाषा भएका छन् । अब जनताले नगर पालिकाबाट पाउने सेवा प्रभावकारी बनाउन नयाँ निर्वाचित प्रतिनिधिहरु केन्द्रित हुने महर्जनले बताए ।

उनले भने-नगरपालिकाबाट हुने सेवा प्रवाहलाई एक महिनाभित्र सहजीकरण गर्छौं । त्यसका लागि तुरुन्तै एउटा मेकानिज्म बनाउनेछौं। जनताले अब कुनै गुनासो गर्नु पर्नेछैन ।

यति भनिरहँदा मेयर रमेश महर्जन र उपमेयर सरस्वती खड्काले चुनौतिका चाङ पनि लगाइरहेका थिए। ३ महिनाभित्र कीर्तिपुरको फोहोरमैला र खानेपानी समस्यालाई सही ट्र्याकमा ल्याउन सकिए अरु काम बिस्तारै गर्न सकिन्छ भन्नेमा उनीहरु विश्वस्त छन्। काठमाडौं महानगरपालिकामा पनि एमालेले जित्ने संकेत देखिँदै गर्दा कीर्तिपुरको विकासमा काठमाडौं महानगरको आड भरोसा मिल्ने अपेक्षा गर्दैछन् । मेयर महर्जनले भने-कीर्तिपुरले अब सम्वृद्धिको कीर्तिमान कायम गर्नुपर्नेछ, त्यसका लागि एमालेको नीतिअनुसार हामीले काम गर्छौं, अब कीर्तिपुरबासीले हामीलाई सजाय दिने मौका आउने छैन । जसरी एमालेले यो चुनावमा शतक पार गर्न कीर्तिपुरको विजय निर्णायक बन्यो, त्यसैगरी हामीले गर्ने कामले एमाले पार्टी र कीर्तिपुर बासीले गर्व गर्नेछन् ।

(अलनइन न्यूज डट कमवाट)


सरोकारवाला निकायहरुलाई अपाङ्गता भएका व्यक्तिहरुका सवालप्रति चासो लिने र जवाफदेही बनाऔं

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग






# बधाई तथा शुभकामना







**श्री रमेश महर्जन** **रमेशमान डंगोल** **राजेन्द्र महर्जन**

बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा कीर्तिपुर नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित हुनु भएकोमा **श्री रमेश महर्जन**, कीनपा वडा नं. २ वडा अध्यक्षमा **रमेशमान डंगोल** र वडा नं ३ वडा अध्यक्षमा **राजेन्द्र महर्जन**लाई हार्दिक बधाईको साथै कार्यकाल सफलताको कामना गर्दछौं। उहाँको विजयमा साथ दिनुहुने सम्पूर्ण मतदाताहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

गोपाल वहादुर महर्जन
श्रीमती देवकुमारी महर्जन

बहिनी/ज्वाई: हिरादेवी महर्जन/भरतबहादुर सिंह
छोरा/बुहारी : संजय महर्जन/अमिता महर्जन
छोरा/बुहारी : शरद महर्जन/रिभा महर्जन
छोरा/बुहारी : समिर महर्जन/सकुन सिंह महर्जन
नाती/नातीनीहरू :
सुभाष महर्जन, सुमिला महर्जन, समृद्धि महर्जन

भान्जी/ज्वाई : नबिना महर्जन/ निरन स्थापित
सम्धिहरू :
धनलाल महर्जन/लछिमाया महर्जन परिवार
मोतीबहादुर महर्जन/हेरामाया महर्जन परिवार
देबेन्द्र मान सिंह/बिमा राजभन्डारी परिवार

# कीर्तिपुर नगरपालिकामा विजयी उम्मेदवारहरुको नामावली

| पद | नाम | मतसंख्या | पार्टीको नाम | वडा नं |
|---|---|---|---|---|
| १.प्रमुख : | रमेश महर्जन | ७३६० | नेकपा एमाले | |
| २.उपप्रमुख : | सरस्वती रिजाल | ६८१० | नेकपा एमाले | |
| ३ वडा अध्यक्ष : | हर्ष महर्जन | ८०४ | नेकपा एमाले | १ |
| ४.वडा अध्यक्ष : | रमेश मान डंगोल | ६३८ | नेकपा एमाले | २ |
| ५.वडा अध्यक्ष : | राजेन्द्र महर्जन | ७११ | नेकपा एमाले | ३ |
| ६.वडा अध्यक्ष : | राजेन्द्र बानियाँ | ९९७ | नेपाली कांग्रेस | ४ |
| ७.वडा अध्यक्ष : | राजेन्द्र महर्जन | ८९३ | नेपाली कांग्रेस | ५ |
| ८.वडा अध्यक्ष : | न्हुच्छेवहादुर महर्जन | ११३९ | नेकपा एमाले | ६ |
| ९.वडा अध्यक्ष : | राजकुमार माली | ४४६ | नेकपा एमाले | ७ |
| १०.वडा अध्यक्ष : | विनोद महर्जन | ५१४ | नेपाली कांग्रेस | ८ |
| ११.वडा अध्यक्ष : | गंगाराम महर्जन | ८९० | नेकपा एमाले | ९ |
| १२.वडा अध्यक्ष : | अमन महर्जन | ७६३ | नेकपा एमाले | १० |
| १३.वडा सदस्य : | धनवहादुर महर्जन | ७१७ | नेकपा एमाले | १ |
| १४.वडा सदस्य : | सुमन पोखरेल | ६५९ | नेकपा एमाले | १ |
| १५.महिला " | सुनिता महर्जन | ८११ | " " | १ |
| १६ महिला " | सजिता महर्जन | ७०१ | नेकपा एमाले | २ |
| १७.द.म.सदस्य | मन कुमारी विक | ७०६ | " " | २ |
| १८.वडा सदस्य : | ध्रुब प्रसाद अधिकारी | ६२८ | " " | २ |
| १९.वडा सदस्य : | नविन महर्जन | ६८५ | " " | २ |
| २०.महिला " | नन्ददेवी महर्जन | ७१९ | नेकपा एमाले | ३ |
| २१.द.महिला " | रुकु विश्वकर्मा | ७१९ | " " | ३ |
| २२.वडा सदस्य | मिलन महर्जन | ७४० | " " | ३ |
| २३.वडा सदस्य | ज्ञान प्रसाद महर्जन | ७१६ | " " | ३ |
| २४.महिला " | उर्मिला बस्नेत | ९३८ | नेपाली कांग्रेस | ४ |
| २५.द.महिला " | समिष्ठा तोलांगी | ९७९ | " " | ४ |
| २६.वडा सदस्य | अनिस बाँसकोटा | ९७१ | " " | ४ |
| २७. वडा सदस्य : | सुरेन्द्र खनाल | ८९९ | नेकपा एमाले | ४ |

**रोचक जानकारी**

१) वडा नं १ मा कुनैपनि पार्टीले दलित महिलामा उम्मेदवार दिन नसकेका कारण नगरपालिकामा कुल जनप्रतिनिधि १५२ हुनुपर्नेमा १५१ मात्र भएको छ।

२) वडा नम्बर ८ मा दलित परिवार एउटै मात्र घर भएको कारण एमालेको तर्फवाट दलित महिलमा निर्विरोध निर्वाचित भएका छन्।

३) जहिले पनि नेपाली कांग्रेसले जित्दै आएको वडा नं. १ यसपालि भने प्यनाल सहित एमालेले जितेको छ।

४) कीर्तिपुर नगरपालिकाका पहिलो मेयर कीर्तिपुर नगरपालिका वडा नं. १ थांबहाल टोलका हिराकाजि महर्जन बन्नु भएको थियो भने दोस्रो मेयरको रुपमा पनि सोहि वडाका सोहि टोलका रमेश महर्जन मेयर बन्नु भएको छ।

| | | | | |
|---|---|---|---|---|
| २८.महिला " : | पवित्रा विष्ट | ७९४ | नेपाली कांग्रेस | ५ |
| २९.द.महिला " | लक्ष्मी रोक्का | ७६२ | "" | ५ |
| ३०.वडा सदस्य | विक्रम महर्जन | ७६३ | " " | ५ |
| ३१. " " | दिपेन्द्र विष्ट | ८०० | नेकपा एमाले | ५ |
| ३२.महिला " | मञ्जु वस्नेत (बुढाथोकी | १०३० | नेकपा एमाले | ६ |
| ३३.द.महिला " | मैना रोक्का | ११६६ | " " | ६ |
| ३४.वडा सदस्य | उत्तम नेपाल | १२३८ | " " | ६ |
| ३५. " " | सुनिल डंगोल | १४४३ | " " | ६ |
| ३६. द.महिला " | भुना परियार | ४१९ | नेकपा एमाले | ७ |
| ३७.वडा सदस्य | प्रकास सिं महर्जन | ३९९ | "" | ७ |
| ३८.महिला " | महेश्वरी माली | ३८० | नेपाली कांग्रेस | ७ |
| ३९.वडा सदस्य | राजकुमार महर्जन | ४३४ | " " | ७ |
| ४०.महिला " | सानु मैया महर्जन | ४०९ | नेपाली कांग्रेस | ८ |
| ४१.वडा सदस्य | नरेन्द्र श्रेष्ठ | ४०९ | " " | ८ |
| ४२.द.महिला " | सरस्वती परियार | निर्विरोध | नेकपा एमाले | ८ |
| ४३.वडा सदस्य | राजेश महर्जन | ४२५ | माओवादी केन्द्र | ८ |
| ४४.महिला " | सुनिता नकर्मी | ७०२ | नेकपा एमाले | ९ |
| ४५द.महिला " | कृती नेपाली | ८२७ | " " | ९ |
| ४६.वडा सदस्य | सन्जय मान महर्जन | ८६९ | " " | ९ |
| ४७.वडा " | प्रेम कृष्ण श्रेष्ठ | ७८७ | " " | ९ |
| ४८.वडा " | चिनी काजि श्रेष्ठ | ७२८ | नेकपा एमाले | १० |
| ४९.वडा सदस्य | हरिशरण महर्जन | ७३१ | माओवादी केन्द्र | १० |
| ५०.महिला " | संगीता श्रेष्ठ (उप्रेती) | ७६६ | " " | १० |
| ५१.द.महिला " | मन्जु परियार | ८९३ | " " | १० |




# हार्दिक बधाई

**वडा नं.३ को वडाध्यक्ष**
**श्री राजेन्द्र महर्जन**

**वडा नं.९ को खुल्ला सदस्य**
**सन्जय मान महर्जन**



यस कीर्तिपुर निर्माण व्यवसायी संघ कीर्तिपुर नगर कमिटीका सदस्यहरू गत बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा की.न.पा. **वडा नं.३ को वडाध्यक्षमा श्री राजेन्द्र महर्जन र की.न.पा. वडा नं.९ को खुल्ला सदस्यमा सन्जय मान महर्जन** निर्वाचीत हुनु भएकोमा हार्दिक बधाईको साथै कार्यकाल सफलताको कामना गर्दछौं।

## कीर्तिपुर निर्माण व्यवसायी संघ
## कीर्तिपुर नगर कमिटी, कीर्तिपुर

## ज्येष्ठ नागरिक सेवा केन्द्रद्वारा स्वागत एवं सम्मान



ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगाले गत जेठ ६ गते शनिवार कीर्तिपुर नगरपालिकाका नवनिर्वाचित पदाधिकारीहरुलाई स्वागत एवं सम्मान गरिएको थियो ।

पाँगाको लाछी दबुलीमा कार्यक्रमको आयोजना गरिएको थियो । विहान नेपाली कांग्रेसका विजयी जनप्रतिनिधीहरू विजय जुलुस निकाल्नेक्रममा वडा नं ८ र वडा नं.५ का संयुक्त जुलुसलाई लाछीमा एकछिन रोकेर डबुलीमा राखी नेवाः परंपरा अनुसार गणेशको पुजागरी खादा, टिकासहित दही, अन्डा सगून दिइएको थियो । उक्त अवसरमा विजयी प्रतिनिधीहरुको साथै बद्रीलाल महर्जन ( नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधी), पुकार महर्जन (१० नं. क्षेत्रीय सभापति), कृष्णमान डंगोल ( नेपाली कांग्रेस कीर्तिपुर नगर सभापति, विश्वजीत महर्जन साविक वडा नं.११ ईकाई सभापति) हिमाल कार्की (साविक वडा नं.१२ ईकाई सभापति) लगायतलाई पनि सम्मान गरिएको थियो । सम्मानित वडाध्यक्षहरु वडा नं.५ का वडाध्यक्ष राजेन्द्र महर्जन र वडा नं.८ का वडाध्यक्ष विनोद महर्जनले आफ्नो मन्तव्यको क्रममा सबैसंग सरसल्लाह गरेर वडाको विकास काममा लाग्ने, वडावासीको इज्जतमा दाग लाग्ने कुनै पनि काम नगर्ने बचन दिनुभयो ।

उक्त सम्मान कार्यक्रमपछि संयुक्त रुपमा पांगा, जाखा, भत्क्यापाटी लगायत वडा नं.५ र वडा नं.८ मा विजय जुलुस निकालिएको थियो ।

त्यस्तै दिउँसो नेपाल कम्युनिष्ट पार्टी एमालेको विजय जुलुस पनि पाँगा लाछीमा पुग्दा उहाँहरुलाई पनि ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगाले बधाई तथा स्वागत अभिवादन गरिएको थियो । विजयी जनप्रतिनिधिहरुलाई नेवाः परम्पराअनुसार सगून दिइएको थियो । मन्तव्य दिनेक्रममा कीर्तिपुर नगर प्रमुख रमेश महर्जनले आफ्नो प्रतिवद्धता पत्रमा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकहरुको लागि विशेष व्यवस्था गर्ने बताउनु भयो ।

## नगरप्रमुख र उपप्रमुखहरुले पाएको मत

नगरप्रमुखहरूले पाएको मत

| पार्टीको नाम | उम्मेदवारको नाम | पाएको मत |
|---|---|---|
| १.नेकपा एमाले | रमेश महर्जन | ७३६० |
| २.नेपाली कांग्रेस | राजकुमार नकर्मि | ६६१६ |
| ३.माओवादी केन्द्र | हिरावहादुर महर्जन | ४००९ |
| ४.नयाँ शक्ति पार्टी नेपाल | ध्रुब महर्जन | १५२१ |
| ५.राष्ट्रिय प्रजातन्त्र पार्टी | बच्चुराम श्रेष्ठ | २७९ |
| ६.नेपाल मजदुर किसान पार्टी | हरिकुमार महर्जन | २७६ |
| ७.राष्ट्रिय जनमोर्चा नेपाल | अम्बर बहादुर पौडेल | ४९ |
| ८.नेकपा संयुक्त | मिना कुमारी साह | २१ |
| ९.देशभक्त जनगणतान्त्रि मोर्चा | शारदा महत | ४९ |
| १०.गान्धीवादी पार्टी | शान्ति महर्जन | १९ |
| ११. स्वतन्त्र | श्याम अधिकारी | ८९२ |
| १२ स्वतन्त्र | रामकृष्ण अधिकारी | ६६ |
| १३. स्वतन्त्र | ग्यालर महर्जन | १९ |
| १४. स्वतन्त्र | पूर्ण महर्जन | १ |

उपप्रमुख उम्मेदवारहरूले पाएको मत यस प्रकार छन्

| | | |
|---|---|---|
| १. नेकपा एमाले | सरस्वती रिजाल | ६८१० |
| २. नेपाली कांग्रेस | विमला विष्ट | ६०४३ |
| ३.नयाँ शक्ति नेपाल | शुभलक्ष्मी शाक्य | ३९१३ |
| ४.उपप्रमुख माओवादी केन्द्र | सुशिला वस्नेत | ३०६५ |
| ५.राष्ट्रिय प्रजातन्त्र पार्टी | सुमित्रा वस्नेत | ४५७ |
| ६.नेपाल मजदुर किसान पार्टी | कविता महर्जन | २७१ |
| ७.देशभक्त जनगणतान्त्रिक मोर्चा | रमेश कुमार महर्जन | १९३ |
| ८.गान्धीवादी पार्टी | ज्ञानलाल महर्जन | १६ |




# हार्दिक बधाई तथा शुभकामना

यस सहकारी संस्थाका पूर्व अध्यक्ष **श्री रमेश महर्जनज्यू** काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिकाको गरिमामय नगर प्रमूख पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई व्यक्त गर्दछौं । साथै उहाँको कार्यकाल उहाँको सपना "समृद्ध तथा व्यवस्थित कीर्तिपुर" बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

## कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

कीर्तिपुर ९

फोन नं. ४३३०६०९, ४३३५५५१

# बधाई तथा शुभकामना




यही २०७४ बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा कीर्तिपुर नगरपालिकाको वडा नं. १० को वडा अध्यक्षमा निर्वाचित हुनु भएकोमा यस मङ्गल माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **श्री अमन महर्जन**लाई हार्दिक बधाईको साथै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

## लोकलाल महर्जन
## निमित्त प्र.अ.
## मंगल माध्यमिक विद्यालय परीवार

कीर्तिपुर नगरपालिका वडा नं. १०

# भृकुटीमण्डप छाप्रो पसल गर्ने सरस्वति भइन् नगरपालिकाको उपमेयर, यस्तो छ अबको योजना

काठमाडौं। हरियो पालभित्र भृकुटीमण्डपलाई आधा फन्को लगाएर तन्किएको सस्तो बजारलाई तन्नेरीहरु 'ब्लु कम्प्लेक्स' भनेर चिन्छन्। सस्तोमा फेसनेवल पोशाक खोज्नेहरुको गन्तव्य नै हो यो । सस्तो बजारमा ४ सयभन्दा बढी पसल छन् । ब्लु कम्पलेक्स' क्षेत्र नम्बर २ को एक कुनामा ४० नम्बरको पसल छ। यो पसल सरस्वती खड्काको नाममा छ। महिना दिनअघिसम्म पनि यहाँ सरस्वती सामान किन्न आउने ग्राहक सँग बार्गेनिङ गरि रहेकी भेटिन्थिन् ।

सर्वहाराले किन्न सक्ने बजारकी साहुनी सरस्वतीको पहिचान स्थानीय तहको निर्वाचनले भने फेरेको छ। भृकुटीमण्डपलाई घेर्ने गरिबहरुको खुला बजारकी साहुनी सरस्वती दक्षिण पश्चिम काठमाडौंको कीर्तिपुर नगरपालिकाको उप प्रमुखमा रुपान्तरित भएकी छिन् ।

***बन्द पसल पुग्दा***

सरस्वती कीर्तिपुरको उप प्रमुखमा निर्वाचित भएपछि उनको पसलमा पुग्दा ४० नम्बरको पसल त त्यहीँ थियो तर, सामान थिएन । यहाँ अरु व्यापारीले झैं सरस्वतीले पनि बिहानै सामान ल्याएर पसल झकिझकाउ पार्थिन्, साँझ परेपछि उठाएर गोदाममा पुऱ्याउँथिन् । त्यो क्रम चुनावयता टुटेको छ । उनलाई फोन गर्दा कीर्तिपुर नै जान निम्तो मिल्यो ।

उनी ऱ्यालीमा सक्रिय थिइन् । अविर र मालाले छपक्कै उनको विजययात्राकै बीचमा हामीले उनको समय चोऱ्यौं। र, सुरु भयो एउटा फरक राजनीतिक यात्राको कथा उनकै मुखबाट :

म रसुवा जिल्लाको विकट पहाडी भेगमा जन्मिएर हुर्कीएकी चेली हुँ । ३८ सालमा जन्मिएकी म २०५१ सालदेखि नेपालको राजनीतीमा आवद्ध छु । कक्षा ६ बाटै । रसुवाबाट ५१ सालमा अनेरास्ववियुको सदस्य बनिरहँदा म किन राजनीतिमा जाँदैछु भन्ने थाहै थिएन ।

मैले विद्यालय तहको अध्ययन सक्किएपछि काठमाडौंको रत्न राज्यलक्ष्मी कलेजमा पढेँ। रत्नराज्यलक्ष्मी कलेजमा अध्ययनबाट मेरो राजनीतिक बाटो अझै खुल्ला हुन थाल्यो। विभिन्न राजनीतिक कार्यक्रममा सहभागी हुन थालेँ । अखिलको राजनीतिपछि नेपाल महिला संघमा साधारण सदस्यको पदमा रहेर काम गरेँ। सामुदायिक वनको संस्थागत विकासमा पनि लागेँ ।

**१७ वर्षमै बिहे**

उहाँसँग जागिरको सिलसिलामा रसुवा हुँदा भेट भयो । एसएलसी दिएकै वर्ष जतिखेर म १७ वर्षको थिए, बिहे भयो । म अहिले जुन स्थानमा छु त्यो सबै मेरो श्रीमान् र मेरो परिवारको सहयोगले सम्भव भएको हो ।

त्यतिबेला कीर्तिपुरबाट एकदमै थोरै छोरीहरु पढ्न कलेज जाने गर्दथे । म बुहारी भएर पढ्न जान्थेँ । मेरा ससुराले गाडी भाडा र खाजा खाने पैसा दिएर मलाई कलेज पढाउनुहुन्थ्यो । मैले एक कदम हिड्दा मेरा श्रीमानले मलाई जहिले पनि चार कदम हिड्न सहास प्रदान गर्नुहुन्छ। म उहाँहरु सबैप्रति सँधैभरि आभारी छु ।

**किन राजनीति ?**

मेरो राजनीतिको मुख्य सार भनेको परिर्वतन नै हो। विभिन्न कारणले नेपालको राजनीतिले देशको विविध पक्षमा परिर्वतन गर्न सकेको छैन् । देशको परिर्वतन गराउने नै मेरो मुख्य सपना हो । महिला हिंसाको अन्त्य सँगै हामी नेपाललाई नयाँ मोड दिने कोसिस गर्नेछौँ । हामीले निर्वाचनभन्दा पहिले पनि विभिन्न खाले नयाँ एजेन्डा ल्याएका छौँ तिनै एजेन्डा पुरा गर्नेछौँ । कीर्तिपुरलाई पर्येटकीय गन्तब्य बनाउने हाम्रा एजेन्डा हुन् । त्यसैले मेरो राजनीति भनेको परिर्वतनका लागि हो ।

कीर्तिपुरबासीले मलाई अमुल्य मतदात गरी जिताउनु भएको छ। त्यसैले म हरदम उहाँहरुको भलाइका लागि काम गर्नेछु।

**अब घर व्यवहारको जिम्मा श्रीमानलाई :**



म कीर्तिपुरको उपमेयर पदमा निर्वाचित भएपछि मेरा अरु जिम्मेवारी पनि हुन्छन् । घरको काम गर्न समय निकाल्न सक्दिन होला। यसमा मेरा श्रीमानले सहयोग गर्नुहुनेछ। हाम्रा दुई सन्तान छन् जसको जिम्मा अब श्रीमानको हुनेछ ।

हाम्रो घरको मुल्य आयस्रोत भनेको ब्यापार नै हो। काम ठुलो सानो हुँदैन। श्रीमान र म मिलेर भृकुटीमण्डपको सस्तो बजारमा ब्यापार गरेका छौँ ।

चुनावको ब्यस्तताले पसल चलाउन सम्भव भएन । अब म ब्यापारमा लाग्ने समय रहेन । किनकि, नगरपालिकाको कामले ब्यापारमा लाग्न पाउँदिन। त्यो ब्यापारलाई मेरा श्रीमानले निरन्तर अगाडि बढाउनुहुनेछ ।

श्रोत: बिजमान्डु

**कीर्तिपुर नगरपालिका वडा नं.१ का टोलवासीहरुमा हार्दिक कृतज्ञता ज्ञापन**

**वि.सं.२०७४ सालको स्थानीय निर्वाचनमा म लगायत मेरो प्यानललाई आफ्नो अमूल्य मत दिनुभई अत्यधिक मतले विजयी गराईदिनु भएकोमा कीर्तिपुर नगरपालिका वडा नं. १ का सम्पूर्ण टोलवासीहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु ।**

**१ नं. वडा अध्यक्ष, हर्ष महर्जन**
**तथा**
**सम्पूर्ण प्यानल**

## पुरुष शक्तिवर्द्धक




शादी से पहले या शादीपत्रकार मर्दाना ताकत के लिए नसोंकी खराबी, शीघ्र पतश्रीकृष्ण शिमहर्जननपुंसकता दुर करें मनचाहा सैक्स टाइम प्राप्त चक्रेयाधीशुअसाफू प्राप्त करें ।
तपाई बुढापन होस वा युवा होस वा प्रसर तथा सुगर रोग भएका विरामी होस सबै उमेरको पुरुषहरुको लागि भरपुर यौन शक्ति बढाउने AMERICA को नं.1 MEN OF IRON हामीसंग छ एक पटक खाएर अनुभव गर्नुहोस ।
100% Guaranted NO side effect

फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
दुरसंचार गेटसंगै, कीर्तिपुर बाहिरीगाउँ
फो.नं. ०१४३३६७०१, ९८०३५०२२५९

# हत्केलामा राखी नचाउँने नगरौं



कवि : राम महर्जन
की. न.पा. ( ९, नगाउं

जन्मभुमी  हाम्रो कीर्तिपुरको मुहार
अव त हामीले फेर्नै पर्छ
हरेक कीर्तिपुरेहरुको दिलै देखि
हेर्ने रहर अवश्य होला

कीर्तिपुरे सवैको मुहारहरु
वसन्तयामको फूलहरु झैं
चकमन्न उज्यालो पार्न सकौं
यही हो हामी सबैको चाहाना

कीर्तिपुरको इलाका हराभरा बनाऔं
जहाँ कहिल्यै डढेलो नलागोस
धनी गरिव साम्प्रदायिक भावनामा
कोही कीर्तिपुरे अलमल नहोस्

विजयी उम्मेदवारहरु जुनैदलको भएनी
कार्यकाल सफलताको कामना गर्दै
आ(आफ्नो जन्मथलोको बिकास गर्न
हार्दिक मंङ्गलमय शुभकामना छ

हरेक काम निश्पक्ष र निश्वार्थमा रही
ढिलाई प्रकृयामा नफसिकन
सकारात्मक सोचले छिटो छरितो
जन चाहाना सुहाउँदो काम गर्न सकोस
ठुला नेताहरले नेपाल नचाए झैं
जे गरे पनि चल्छ भन्दै
कीर्तिपुरे नेताहरुले कीर्तिपुरलाई
हत्केलामा राखी नचाउने नगरौं





## Vacancy Announcement

Rarahil Memorial School, a credible educational institution for Child centered teaching in Southern part of Kathmandu valley, with standard hostel and canteen facility, and primary health care service facility within school premises, is looking for energetic, competent and dedicated persons for the following position;

| Job Title | Minimum Qualifications: |
|---|---|
| Maintenance Officer (1) | Bachelor degree in Management and 2 years of experiences in respective field. |

Salary and Benefits: As per the policy of the School.
Potential candidates are requested to email application with CV by 2074 Jestha 31.

Phone contact will not be entertained. Only short listed candidates will be invited for the further process.

**Rarahil Memorial School,**

**Email: rarahil@mail.com.np**



## आवश्यता

**यस मङ्गल माध्यमिक विद्यालय, कीर्तिपुरमा ई.सी.डी. मा १ जना**

**कर्मचारीको आवश्यक**
**योग्यता : साधारण लेखपढ गर्न जान्ने**

**दर्खास्त दिने अन्तिम मिति : २०७४ जेष्ठ १७ गते बुधवार**
**दर्खास्त शुल्क : रु ३००/**

# दशौं आइपिएल संस्करण मुम्बई इण्डियाको हातमा



–नविन महर्जन–

इण्डियन प्रिमियर लिग क्षेत्री को लिग प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै यस आईपिएल क्रिकेटको इलिमिनेटर टीमको रुपमा कोलकात्ता नाईड राइडर्स र सनराईज हैदरावाद छनोट हुन सफल भएका थिए ।

त्यसैगरी यस यस क्रिकेट प्रतियोगितामा पहिलो र दोस्रो स्थानमा रही क्वालिफायर टिमको रुपमा मुम्बई इन्डिया र राइजिंग पुणे छनोट भएका थिए ।

गत साता सम्पन्न इलिमिनेटर प्रतियोगिता अन्तर्गत कोलकात्ता नाईट र इडर र सनराईज हैदरावाद विच भएको खेलमा कोलकात्ता नाईट राइडर ७ विकेटले विजयी भई पहिलो क्वालिफायरमा पुग्न सफल भएको थियो ।

यस खेलमा हैदरावादले २० ओभरको खेलमा ७ विकेटको क्षतिमा १२८ रन जोडेको थियो । जवाफी ब्याटिंगमा गौत गम्भिरको उत्कृष्ट प्रदर्शनले कोलकात्ताले ७ विकेटले जित हासिल गरेको थियो ।

त्यसैगरी पहिलो क्वालिफायर म्याचमा राइजिङ्ग पुणेले मुम्बई इण्डियनलाई १६२ रनको चुनौती पेश गरेको थियो । तर मुम्बईले केवल १४२ रनमात्र जोड्न सफल भयो जस्ले गर्दा पुणे २० रनले विजय हात पार्दै फाइनलमा पुग्न सफल भएको थियो ।

त्यसैगरी पहिलो क्वालिफायर म्याच गत जेठ ५ गते इलिमिनेटर खेलमा विजयी कोलकत्ता र पहिलो क्वालिफायर मा पराजित टिम मुम्बई इण्डियन विच भएको थियो । तर यस खेलमा टस जिति पहिलो फिल्डिंग रोज्दै मूम्बई इण्डियन निकै उत्कृष्ट खेल प्रदर्शन गर्दै १४.३ ओभरम केवल १०८ रन खर्चिंदै अल आउट गरेको थियो ।

जस्मा मूम्बई इण्डियाले ६ विकेटले विजय हासिल गर्दै फाइनलमा पुनः पुणेसंग खेल्ने पक्का गरेको थियो । यस आइपिएलको दशौं संस्करणको फाइनल खेल गत जेठ ७ गते आइतवार सम्पन्न भएको थियो ।

यस फाइनल खेलमा सन् २०१३ र २०१५को विजेता मूम्बई इण्डियन्सका क्याप्टेन र ोहित शर्माले टस जिती पहिला ब्याटिङ्ग गरेका थिए । २० ओभर को खेलमा ८ विकेटको नोक्सानीमा १२९ रन बनाइएको थियो ।

जसमा कुनाल पाण्डेले महत्वपूर्ण ४७ रन बनाईएको थियो । जवाफी ब्याटिङ्गमा पुणेले केवल १२८ रन मात्र बनाउन सक्यो । मूम्बई इण्डियन्सले केवल १ रनले विजयी हासिल गर्दै तेस्रो पल्ट आईपिएलको उपाधी हात पानं सफल भएको छ ।

मुम्बईको लागि मिर्तेल जोनसनले उत्कृष्ट बोलिङ्ग गर्दै ३ विकेट लिन सफल भएको थियो ।



# अचम्म ! यो देशमा सडकले आफैं पुर्छ सडकका खाल्डाखुल्डी

सडकका खाल्डाखुल्डीबाट को पीडित नहोला ? हाम्रोजस्तो देशमा त सरकारको पूरै कार्यकाल नै एउटा सडकको खल्डाखुल्डी सम्याउँदैमा बित्दछ, तरपनि खाल्डा उस्तै रहन्छन् । विश्वमा सडक दुर्घटनामा हुने मृत्युमध्ये एक तिहाइ ती सडककै खाल्डाखुल्डीका कारण भएका हुन्छन् ।

तर यो दुनियामा एउटा यस्तो देश पनि छ जहाँ सडकका खाल्डा सरकारले पुरिरहनु पर्दैन, सडक आफैले आफ्ना खाल्डा पुर्दछ । नेदरल्याण्डमा बनाइएको छ यस्तो अद्भुत सडक । नेदरल्याण्डका वैज्ञानिकहरुले यस्तो पदार्थ पत्ता लगाएका छन् जसलाई सडक निर्माणमा प्रयोग गर्न सकिन्छ र त्यसले आफुलाई आफै मर्मत गर्दछ । आफै मर्मत हुने एस्फाल्ट नामक पदार्थको नेदरल्याण्डका विभिन्न १२ वटा सडकमा परीक्षण भैरहेको छ । त्यसमध्ये एएटा सडक २०१० देखि नै संचालनमा छ, र अहिलेसम्म उक्त सडकमा कहीँपनि खाल्डाखुल्डी परेको छैन । सामान्य कंक्रिट तथा एस्फाल्टबाट बन्ने सडक ७ देखि १० वर्षमा मर्मत गर्नैपर्दछ । तर आफै मर्मत हुने एस्फाल्टबाट बन्ने सडक भने केही महंगो पर्ने भएपनि २०र२५ वर्षसम्म जस्ताको तस्तै रहन्छ ।

आफै खाल्डाखुल्डी पुर्ने यस्तो सडक संचालनमा आउँदा नेदरल्याण्डमा सडक क्षेत्रमा हुने खर्चमा ९ करोड युरो जोगिने प्रक्षेपण गरिएको छ । एस्फाल्ट मात्र होइन वैज्ञानिकको टोलीले कंक्रिटलाई समेत आफै मर्मत हुने खालको बनाउन कंक्रिटमा ब्याक्टेरिया हाल्ने उपायको अनुसन्धान गरिरहेका छन् । ती ब्याक्टेरियाले क्याल्सियम कार्बोनेट उत्पादन गर्नेछन् र सडकमा परेका खाल्डा तथा चिराहरु भर्नेछन् । यी ब्याक्टेरिया प्रकृतिमा २ सय वर्षसम्म बाँच्न सक्ने वैज्ञानिकको भनाई छ । त्यसैले यस्ता सडक कंक्रिटको आयुभर टिक्नेछन् भने मानिसलाई असर पनि पर्नेछैन ।

लगानीको नयाँ क्षेत्र

卐 सुनिश्चित भविष्यको लागि लगानी,
卐 तपाईको आफ्नो लागि लगानी
卐 तपाईको आफ्नै समयको लागि लगानी,
卐 तपाईको आफ्नो परियोजनाको लागि लगानी,
卐 सहकारी, संघसंस्था तथा लगानीकर्ताहरुका लागि लगानी ।

Our Scope of Work
- Financial Counselling
- Project Development
- Fund Management
- Venture Investment
- Start Ups
- Seminar, Workshop & Training

MUKTINATH INVESTMENT PVT. LTD.
Battisputali-9, Kathmandu, Nepal.(Head Office)
Phone No. 01-4485894 Mobile No: 9801078318



# हार्दिक श्रद्धाञ्जली





जन्म :
ने.सं.१०७६

निधन:
२०७४/१/३१





## स्व. मोतिवहादुर महर्जन

ज्यापु पुचः पांगाका सदस्य दिपेन्द्र महर्जनका आदरणीय बुबा

**मोतिवहादुर महर्जन**को

गत बैशाख ३१ गते असामयिक निधन भएकोले उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा सम्पूर्ण परिवारजनले धैर्य धारण गर्न सकोस भन्ने समवेदना व्यक्त गर्दछौं।

**श्रद्धाञ्जली अर्पण गर्नेहरू :**

१.मथुरा महर्जन
२.रत्नकाजी महर्जन
३.सुवास डंगोल
४.अजु डंगोल
५.दिलाश्वर महर्जन
६.बिकेन्द्र महर्जन
७.बिक्रम महर्जन
८.देवकाजी महर्जन
९.जितेन्द्र महर्जन
१०.कविकुमार महर्जन
११.अर्जेन महर्जन
१२.बिरेन्द्र महर्जन
१३.विजय राम महर्जन
१४.दिकेन्द्र महर्जन
१५.ज्ञानमान महर्जन
१६.गित गोविन्द महर्जन
१७.कविराज महर्जन
१८.लक्ष्मण महर्जन
१९.मनिक राजा महर्जन
२०.निक्सन महर्जन
२१.राज कुमार महर्जन
२२.रोशन महर्जन
२३.रुपेन्द्र महर्जन
२४.शागर डंगोल
२५.शागर महर्जन
२६.सहदेव महर्जन
२७.शान्तकुमार महर्जन
२८.सुरेन्द्र महर्जन
२९.राजेन्द्र महर्जन
३०.सुशन श्रेष्ठ
३१.राज मान महर्जन
३२.प्रदिप महर्जन
३३.पवित्र महर्जन
३४.गणेश महर्जन
३५.विदुर महर्जनक


"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable Ornaments
"Purity is Our Moto"
"Makes You Feel Who You are"
•Exhange Offer •Gold Purity test •Gold Loan Facilities
पद्मिनि
Jewellers
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
☎ : 01-4331046